



# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही
## लुम्बिनी प्रदेश, नेपाल




# आर्थिक सर्वेक्षण २०८०/०८१

# विषय सूचि

**परिच्छेद एक : कार्यकारी सारांश** ....... १
विश्वको अर्थतन्त्र ....... ३
नेपालको आर्थिक वृद्धिदर ....... ४
चालु आर्थिक वर्षको १० महिना र गत आ व को भएको प्रगति विवरण ....... ५
**परिच्छेद दुई : समग्र आर्थिक स्थिति** ....... ११
अन्तर्राष्ट्रिय आर्थिक स्थिति ....... ११
विश्व व्यापार ....... १२
नेपालको आर्थिक स्थिति ....... १३
**परिच्छेद तीन : आर्थिक वित्त** ....... २१
स्थानीय तहको आर्थिक वित्त सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ....... २१
स्थानीय आय ....... २५
आन्तरिक आय परिचालनको वर्तमान अवस्था ....... २५
आन्तरिक राजस्व संकलनको अवस्था ....... २८
अन्तरसरकारी वित्तीय हस्तान्तरण ....... ३०
राजश्व बाँडफाँडबाट प्राप्त आय ....... ३२
चालु तथा पूजीगत खर्चको विवरण ....... ३४
क्षेत्रगत बजेट विनियोजन र खर्चको विवरण ....... ३८
**परिच्छेद चार : आर्थिक विकास** ....... ४२
स्थानीय सडक विकासको अवस्था ....... ४२
सिचाईको अवस्था ....... ४३
वित्तीय क्षेत्र : वैक तथा वित्तीय संस्थाहरू ....... ४४
सिप विकास सम्वन्धी ....... ४६
श्रम तथा रोजगार सम्वन्धी विवरण ....... ४६
व्यवसाय दर्ता विवरण ....... ५०
वाणिज्य र वजार अनुगमन ....... ५६
कृषि उत्पादन ....... ५६
बजार केन्द्रहरू ....... ६०
पर्यटन क्षेत्रको अवस्था ....... ६१
उत्पादन सहकारी ....... ६२
आर्थिक क्षेत्रका चुनौतीहरु ....... ६३
**परिच्छेद पाँचः सामाजिक विकास** ....... ६४
स्वास्थ्य सम्वन्धी आधारभूत सूचक ....... ६४
स्वास्थ्य संस्थाहरू ....... ६५
खानेपानी र सरसफाइ ....... ६६

युवा तथा खेलकुद ... ६८
महिला बालबालिका र जेष्ठ नागरिक ... ६९
व्यक्तिगत घटना दर्ता ... ७०
राष्ट्रिय परिचयपत्र : ... ७१
सामाजिक सुरक्षा ... ७२
बालमैत्री स्थानीय शासन ... ७२
टोल विकास संस्थाको विवरण ... ७३
शिक्षा ... ७४
सामाजिक क्षेत्रका समस्या र चुनौती ... ७५
**परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन** ... ७७
फोहोरमैला व्यवस्थापन ... ७७
वातावरणमैत्री स्थानीय शासन ... ७८
विपद व्यवस्थापन ... ७८
हरियाली संरक्षण ... ७८
वातावरण संरक्षण ... ७९
अग्नी नियन्त्रण ... ७९
समस्या तथा चुनौती ... ७९
**परिच्छेद सात : सुशासन तथा संस्थागत विकास** ... ८१
वडा कार्यालय ... ८१
स्थानीय तहको जनशक्ति विवरण ... ८२
स्थानीय तहको संस्थागत स्वमूल्यांकनको नतिजा ... ८२
वित्तीय सुशासन ... ८३
सामाजिक परीक्षण, जाचापास तथा फरफारक ... ८५
प्रकाशन ... ८७
समस्या र चुनौती ... ८७
**अनुसूची** ... ८८

# तालिका विवरण


तालिका १ : विश्वको आर्थिक वृद्धि दर ............ ४
तालिकाः २ दक्षिण एशियाली मुलक तथा चिनको आर्थिक वृद्धिदर (प्रतिशतमा)............ ५
तालिका ३ दक्षिण एशिया र चिनको मुद्रास्फीतिको अवस्था ............ १२
तालिका ४ स्थानीय आय परिचालनको अवस्था............ २६
तालिका ५ : आन्तरिक राजस्व संकलनको अवस्था ............ २८
तालिका ६ आन्तरिक आय तर्फ विगत पाँच आ. व. को विवरण............ २९
तालिका ७ : गत आ. व. र चालु आ. व को अन्तरसरकारी वितीय हस्तान्तरण ............ ३०
तालिका ८ : विगत पाँच वर्षको अनुदान वापतको आम्दानीको विवरण............ ३१
तालिका ९: गत आ. व. र चालु आ. व. को राजस्व बाँडफाँड मार्फत प्राप्त रकमको विवरण ............ ३३
तालिका १० : विगत ५ आ. व. को राजस्व बाँडफाँड मार्फत प्राप्त रकमको विवरण............ ३३
तालिका ११ : विगत पाँच आ व को अनुमानित तथा वास्तविक चालु खर्चको विवरण............ ३५
तालिका १२ विगत पाँच आ व को अनुमानित तथा वास्तविक पूजीगत खर्चको विवरण............ ३६
तालिका १३: विगत पाँच आ व मा भएको कूल खर्च अन्तरगत चालु तथा पूजीगत खर्चको विवरण ............ ३७
तालिका १४: चालु र गत आ. व. को क्षेत्रगत बजेट विनियोजन र खर्चको विवरण............ ३८
तालिका १५ : पालिकामा भएको स्थानीय सडकको अवस्था ............ ४३
तालिका १६ : पालिकाबाट सिचाई क्षेत्रमा विनियोजित रकम रू. ............ ४३
तालिका १७ : पालिकामा सिचाईको अवस्था ............ ४४
तालिका १८ : आ व पुष मसान्तसम्म सहकारीको बचत तथा ऋण परिचालनको अवस्था............ ४५
तालिका १९ : ठूला तथा मझौला र साना घरेलु उद्योग संख्या............ ४५
तालिका २० : वडातहमा साना व्यवसाय गर्नेको विवरण............ ४६
*तालिका २१ : आर्थिक क्रियाकलापको पेशा अनुसार जनसंख्या*............ ४८
*तालिका २२ : रोजगारीको अवस्था*............ ४९
तालिका २३ : व्यवसाय दर्ता विवरण ............ ५०
तालिका २४ : मायादेवी गाउपालिकाको भूउपयोग स्थिति ............ ५७
तालिका २५ : कृषि सम्बन्धी विभिन्न सूचकको प्रगतीको अवस्था ............ ५८
तालिका २६ : कृषि उत्पादनको प्रगतिको अवस्था............ ५९
तालिका २७ : पालिकामा पशुपालनको सम्बन्धी विभिन्न सूचकको प्रगतिको अवस्था............ ५९
तालिका २८ : पशु फर्म सम्वन्धी विवरण............ ६०
तालिका २९ : वडागत रूपमा बजार केन्द्रको विवरण ............ ६०
तालिका ३० : स्थानीय आर्थिक विकासको सूचकको लेखाजोखा............ ६२
तालिका ३१ :स्वास्थ्य तथा पोषण क्षेत्रको विवरण............ ६४
तालिका ३२ : स्वास्थ्य संस्थाहरूको विवरण ............ ६६
तालिका ३३ : खानेपानी सम्बन्धी सूचक............ ६८
तालिका ३४ : महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी विवरण ............ ६९
तालिका ३५ : व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म र मृत्युको विवरण............ ७०
तालिका ३६ : व्यक्तिगत घटना दर्ता अर्न्तगत विवाह र सम्वन्ध विच्छेदको विवरण............ ७०
तालिका ३७ : व्यक्तिगत घटना दर्ता अर्न्तगत बसाई सराई विवरण ............ ७१
तालिका ३८ :सामाजिक सुरक्षा सम्वन्धी विवरण ............ ७२
*तालिका ३९ : टोल विकास संस्थाको विवरण*............ ७३
तालिका ४० : शैक्षिक संस्था सम्वन्धी विवरण............ ७५
तालिका ४१ : शिक्षा सम्वन्धी विवरण............ ७५
तालिका ४२ : सरसफाई सम्बन्धी सूचकको विवरण............ ७७
तालिका ४३ : पालिकाको वडाको भौतिक विवरण ............ ८१
तालिका ४४ : पालिकाको जनशक्ति विवरण............ ८२
तालिका ४५ : संस्थागत स्वमूल्यांकनको अवस्था चार आर्थिक वर्षको ............ ८२
तालिका ४६ : वित्तीय सुशासन जोखिम मूल्यांकनको नतिजा............ ८४
तालिका ४७ : पालिकाको भएका स्थानीय ऐन तथा कानुनको विवरण ............ ८६

# चित्र


चित्र १ : अन्तराष्ट्रिय आर्थिक वृद्धिदरको स्थिति........................................................................................................................११
चित्र २ : कुल ग्राहस्त उत्पादनको वृद्धिदर........................................................................................................................१३
चित्र ३ : कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश........................................................................................................................१५
चित्र ४ : बचतको अवस्था........................................................................................................................१६
चित्र ५ : लगानीको अवस्था........................................................................................................................१७
चित्र ६ : प्रचलित मूल्यमा प्रति व्यक्ति आयको वृद्धिदर (प्रतिशतमा)........................................................................................................................१७
चित्र ७ : प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)........................................................................................................................१८
चित्र ८ : तीन तहको सरकारको एकिकृत खर्चको स्थिति (प्रतिशत)........................................................................................................................१९
*चित्र ९ : आन्तरिक आय तर्फ विगत पाँच आ. व. को विवरण........................................................................................................................२९*
*चित्र १० : विगत पाँच वर्षको अनुदान बापतको आम्दानीको तुलनात्मक विवरण चित्र........................................................................................................................३२*
*चित्र ११ : विगत ५ आ. व. को राजस्व बाँडफाँड मार्फत प्राप्त रकमको विवरण........................................................................................................................३४*
***चित्र १२ :*** चालु आ. व. को वास्तविक चालु तथा पूजीगत खर्चको तुलनात्मक विवरण........................................................................................................................३४
*चित्र १३ : गत आ. व. को वास्तविक चालु तथा पूजीगत खर्चको तुलनात्मक विवरण........................................................................................................................३५*
*चित्र १४ : विगत पाँच आ व को अनुमानित तथा वास्तविक चालु खर्चको तुलनात्मक विवरण........................................................................................................................३६*
चित्र १५ : विगत पाँच आ व को अनुमानित तथा वास्तविक पूजीगत खर्चको तुलनात्मक विवरण........................................................................................................................३७
*चित्र १६ : गत आ. व को क्षेत्रगत वास्तविक खर्चको विवरण........................................................................................................................४१*
*चित्र १७ : चालु आ. व को क्षेत्रगत वास्तविक खर्चको विवरण........................................................................................................................४१*
*चित्र १८ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिले १२ महिना सम्म काम गरेको अवधि अनुसारको जनसंख्या........................................................................................................................४७*
*चित्र १९ : रोजगारीको अवसर अनुसारको जनसंख्या........................................................................................................................४८*
*चित्र २० : संस्थागत क्षेत्रमा अनुसार रोजगारीको जनसंख्या........................................................................................................................४९*
*चित्र २१ : खानेपानीको स्रोत अनुसारको परिवार संख्या........................................................................................................................६७*
*चित्र २२ : शौचालय प्रयोग अनुसारको परिवार संख्या........................................................................................................................६७*

# परिच्छेद एक : कार्यकारी सारांश

१. विश्व अर्थतन्त्रमा सुधार हुदै गएको छ । सन् २०२२ को मध्यतिरबाट अधिकांश मुलुकको मुद्रास्फीति कम हुदै गएसँगै विश्व आर्थिक क्रियाकलाप क्रमश विस्तार हुदै गएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशले विस्तार हुने प्रक्षेपण गरेको छ । सन् २०२३ मा समेत विश्व अर्थतन्त ३.२ प्रतिशतले नै विस्तार भएको अनुमान छ ।

२. नेपालको अर्थतन्त्रमा पनि क्रमिक सुधार हुने अपेक्षा गरिएको छ । सन् २०२३ मा नेपालको आर्थिक वृद्धि दर ०.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ३.१ प्रतिशत हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ ।

३. राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको प्रतिवेदन अनुसार कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बीमा र पेशागत बैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष यस्तो वृद्धि १.९५ प्रतिशत रहेको थियो ।

४. चालु आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै २९.६३ प्रतिशत योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको रहने र सबैभन्दा न्यून ०.३४ प्रतिशत योगदान प्रशासनिक सहयोगी क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ ।

५. मायादेवी गाउँपालिकामा समेत कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान उच्च रहने अनुमान गरिएको छ ।

६. चालु आ.व सम्म ठूला उद्योग १८, मझौला र साना उद्योग १७ वटा र स्थानीय सिपमा आधारित ६३० वटा रहेका छन् । पालिकामा सरदर करिब ३० जना प्रति वडाका हिसाबले यि उद्योगमा कार्यरत रहेका छन् । चालु आ.व.सम्म पालिकामा ६२ वटा व्यवसाय दर्ता भएका छन् ।

७. पालिकामा सुचिकृत वेरोजगार गत आ.व.मा ५४६ जना रहेको चालु आ.व.मा बढेर ६२० पुगेका छन् । गत आ.व.मा ७४ जनाले ७१९६ दिन कार्य गरेका थिए । चालु आ.व.मा ७४ जना सुचिकृत भएका तर कार्य गर्न बाँकी रहेको छ ।

८. कृषिमा आधुनिक यान्त्रिकरण अवलम्बन गर्ने चालु आ.व सम्म ६० पुगेका छन् । कृषक समुहमा हालसम्म १८७५ जना आवद्ध भएका छन् । कृषि उपज वेचविखन गर्ने घरपरिवार

चालु आ.व सम्म ९. ५८ प्रतिशत रहेका छन् । कृषि व्यवसाय फर्म हालसम्म १०४, गाई फर्म ८०, वाख्रा फर्म २०, कुखुरा फर्म ४ र माछापालनको क्षेत्र पनि विस्तार भइरहेको छ ।

९. सामाजिक क्षेत्र अन्तर्गत स्वास्थ्य तर्फ हेर्दा दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या २.७ प्रतिशत रहेकोमा छ । बालबालिकामा हुने स्वासप्रश्वास संक्रमण दरमा कमि आएको छ । झाडापखालामा पनि क्रमिक सुधार भएको छ । गत आ.वमा ८७ प्रतिहजारमा रहेको चालु आ.वमा ६१ रहेको छ । घरमा सुत्केरी गराउनेको संख्यामा पनि कमि आएको छ ।

१०. गुणस्तरीय र सर्वसुलभ खानेपानीको पहुँच भएको घरधुरी १७.२ प्रतिशत पुगेको छ । एक घर एक धारा अनुरुप खानेपानी धारा मार्फत नियमित सेवा पाएका घरधुरी १४.७ प्रतिशत पुगेको छ । फोहोरमैला वर्गिकरण गरी व्यवस्थापन गर्ने घरधुरी चालु आ.व.सम्म १८ प्रतिशत पुगेको छ ।

११. रोजगारीमा महिला सहभागिता १५ प्रतिशत पुगेको छ, व्यवसायिक सिप भएका अपांगता ४२ जना, व्यवसायिक तालिम प्राप्त महिला ४७० जना रहेका छन् ।

१२. विभिन्न शिर्षकमा सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या गत वर्ष ३९०० रहेकोमा चालु आ.व मा ४२४० पुगिसकेको छ ।

१३. आधारभूत तहसम्म उत्तिर्ण दर ९१ प्रतिशत रहेको छ भने भर्ना दर ८२ प्रतिशत पुगेको छ । कक्षा ८ मा कक्षा छोडेको दर ३.५ प्रतिशत रहेको र कक्षा १० मा टिकाउ दर ६२ रहेको छ । छात्रामैत्री शौचालय भएका विद्यालय गत वर्ष भन्दा थप ७ वटा रहेका छन् ।

१४. वडा नं ३ मा १५ बेडको अस्पताल निर्माणधिन अवस्था रहेको छ । वडा नं १ र २ मा खानेपानी आयोजना निर्माणधिन अवस्थामा रहेको छ । पालिकामा यस आर्थिक वर्षसम्म भौतिक पूर्वाधारतर्फ पक्कि सडक ११८ कि.मी,(किलो मिटर) ग्राभेल १११ कि.मी र कच्ची सडक ९२ कि.मी सम्पन्न भईसकेको छ । सिचाईतर्फ कुलो मर्मत ११ कि.मी सम्पन्न भएको छ ।

१५. स्वच्छ र सफा विद्यालय गत आ.व सम्म ६ वटा रहेकोमा चालु अ.व सम्म ९ वटा पुगेको छ । यसैगरी व्यक्तिगत सरसफाइमा पनि क्रमिक सुधार भईरहेको छ ।

१६. चालु आ व को विगत १० महिनामा चालु खर्च अन्तरगत रु १८८,१५७,८४७ खर्च भएको छ भने गत आ व मा सो शिर्षकमा रु ३२४,२३३,४४४ खर्च भएको थियो ।

१७. चालु आ व को विगत १० महिनामा पूँजीगत खर्च अन्तरगत रु ३८,३२०,५७१ खर्च भएको छ भने गत आ व मा सो शिर्षकमा रु २४१,०२५,२५२ खर्च भएको थियो ।

१८. गत आ व मा आन्तरिक आय तर्फ रु १९,६४६,९१५ संकलन भएको थियो भने चालु आ व को यस अवधिमा रु मात्र आय संकलन भएको छ ।

१९. स्थानिय पालिकाहरुले वित्तीय हस्तान्तरण मार्फत प्राप्त गर्ने रकम गत आ व मा रु ३६५,३०५,३७९ प्राप्त भएकोमा चालु आ व मा रु २२०,६९०,४०५ मात्र प्राप्त भएको छ ।

२०. गाउपालिकाले राजस्व बाँडफाड शिर्षकमा चालु आ व मा रु ४५,३८१,६७० प्राप्त गरेको छ भने सोही शिर्षकमा गत आ व मा रु ८४,०९७,७५० प्राप्त गरेको थियो ।

## विश्वको अर्थतन्त्र

विभिन्न उतारचढावका बाबजुद विश्व अर्थतन्त्र सुधार हुँदै गएको छ । सन् २०२२ को मध्यतिरबाट विश्व मुद्रास्फीति कम हुदै गएसँगै विश्व आर्थिक क्रियाकलापमा विस्तार हुदै गएको छ । सन् २०२३ देखि सन् २०२५ सम्म विश्व अर्थतन्त्र करिब स्थिर रहने र विश्व अर्थतन्त्र थप उत्थानशील बन्ने अनुमान छ । यसैगरी मुद्रास्फीति घट्दै गएसँगै अधिकांश मुलुकका कन्द्रीय वैंकले लचिलो मौंद्रिक नीति अवलम्वन गर्दै आएका कारण वित्तीय गतिविधिमा वृद्धि, पुँजी आप्रवाहमा वृद्धि र न्यून आय भएका देशको बजार पहुँच बढेको छ । विकसित मुलुकको व्याजदर नियमन नीतिका कारण त्यस्ता मुलुकको बचत परिचालन बढेको छ । न्यून आय भएका मुलुकको सार्वजनिक ऋण उच्चदरमा बढ्दै गएकोले वित्तीय स्थायित्वका लागि कसिलो वित्त नीति अवलम्बन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

रुस–युक्रेन र गाजा–इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फीतिमा दबाब सिर्जना हुने अनुमान छ । फलस्वरुप, बैंक व्याजदर समेत वृद्धि हुन गई सम्पत्तिको मूल्य समेत घट्ने अनुमान छ । सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजस्व परिचालनमा वृद्धि र सार्वजनिक खर्च कटौती गर्नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउन सक्ने एवं लगानीकर्ताको विश्वास कमजोर हुने जोखिम भने कायम नै छ । चीन-अमेरिकाबीच उत्पन्न व्यापार तनावका कारण संरक्षणवादले प्रश्रय पाउने भू-आर्थिक ध्रुवीकरणबाट वस्तु, पुँजी र श्रमिकको निर्वाध प्रवाहमा अवरोध सिर्जना हुन सक्ने जोखिम पनि उत्तिकै रहेको छ ।

भविष्यमा आपूर्तिमा आउनसक्ने अवरोध कम गर्दै मानिसको जीविकोपार्जनलाई सहज बनाउन सामाजिक संरक्षण र सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, उर्जाको रुपान्तरण र उर्जा सुरक्षा क्षेत्रमा स्रोत व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । जलवायु परिवर्तन र भू-आर्थिक ध्रुवीकरणबाट सिर्जित लागत कम गर्न, हरित उर्जाको रुपान्तरणलाई तीब्र पार्न, भू-राजनीतिक सन्तुलन कायम राख्न एवंम सार्वजनिक ऋणको पुनसंरचनालाई सहजीकरण गर्न बहुपक्षीय समन्वय र साझेदारी

अपरिहार्य रहेको छ। विश्व मुद्रास्फीतिमा देखिएको सुधारसँगै आर्थिक क्रियाकलापमा भएको विस्तारले विश्व आर्थिक वृद्धिमा सकारात्मक प्रवाह परेको छ। यद्यपि रुस-युक्रेन युद्ध, भू-राजनीति तनाव, न्यून उत्पादकत्व र उच्च ऋण लागतका कारण अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व अर्थतन्त्र ३.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ । सन् २०२३ मा समेत विश्व अर्थतन्त्र सोही दरमा विस्तार भएको अनुमान छ । सन् २०२२ को मध्यमा उच्च रहेको विश्व मुद्रास्फीति घट्दै जानु, आर्थिक गतिविधि बढ्दै जानु, विश्व अर्थतन्त्रको वृद्धिदर पूर्वानुमान भन्दा उच्च रहनु र सरकारी खर्च तथा घरपरिवार उपभोगको वृद्धि अपेक्षा गरिए भन्दा उच्च रही समष्टिगत माग बढ्दै गएकोले सन् २०२३ पश्यात विश्व अर्थतन्त्र क्रमश सामान्यीकरणतर्फ उन्मुख हुदै गएको छ।

**तालिका १ : विश्वको आर्थिक वृद्धि दर**

| अर्थतन्त्र | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४* |
|---|---|---|---|---|---|---|
| विश्व अर्थतन्त्र | २.८ | -२.७ | ६.५ | ३.५ | ३.२ | ३.२ |
| विकसित अर्थतन्त्र | १.८ | -३.९ | ५.७ | २.६ | १.६ | १.७ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ३.६ | -१.८ | ७.० | ४.१ | ४.३ | ४.२ |
| उदीयमान तथा विकासशील एशिया | ५.२ | -०.५ | ७.७ | ४.४ | ५.६ | ५.२ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक | १.० | -२.७ | ४.३ | ५.२ | १.९ | २.७ |
| उदीयमान तथा विकासशील युरोप | २.५ | -१.६ | ७.५ | १.२ | ३.२ | ३.१ |
| युरोपियन युनियनका मुलुक | २.० | -५.५ | ६.१ | ३.६ | ०.६ | १.१ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ४.६ | ०.५ | ४.५ | ४.२ | ४.० | ४.७ |

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ *प्रक्षेपण

## नेपालको आर्थिक वृद्धिदर

विश्वमा आर्थिक गतिविधि बढ्दै गएको भए तापनि दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदरमा यसको प्रभाव मिश्रित रहने देखिन्छ। माल्दिभ्स, नेपाल र पाकिस्तानको आर्थिक वृद्धिदर बढ्ने र अन्य दक्षिण एशियाली मुलुकको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ। सन् २०२३ मा नेपालको आर्थिक वृद्धि दर ०.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ३.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ। दक्षिण एशियाली मुलुकमध्ये भारतको आर्थिक वृद्धि उच्च रहने अनुमान छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा चीनको अर्थतन्त्रमा ०.६ प्रतिशत विन्दुले कमि आई ४.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

तालिकाः २ दक्षिण एशियाली मुलक तथा चिनको आर्थिक वृद्धिदर (प्रतिशतमा)

| मुलुक | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४* |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ३.४ | ६.९ | ७.१ | ६ | ५.७ |
| भूटान | -२.५ | -३.३ | ४.८ | ४.६ | ४.३ |
| भारत | -५.८ | ९.७ | ७ | ७.८ | ६.८ |
| माल्दिभ्स | -३२.९ | ३७.७ | १३.९ | ४.४ | ५.२ |
| नेपाल | -२.४ | ४.८ | ५.६ | ०.८ | ३.१ |
| श्रीलङ्का | -४.६ | ३.५ | -७.८ | # | # |
| पाकिस्तान | -०.९ | ५.८ | ६.२ | -०.२ | २ |
| अफगानिस्तान | -२.४ | -१४.५ | -६.२ | # | # |
| चीन | २.२ | ८.४ | ३.० | ५.२ | ४.६ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४ *प्रक्षेपण # प्रक्षेपण नगरेको

## चालु आर्थिक वर्षको १० महिना र गत आ व को भएको प्रगति विवरण

यस गाउँपालिकामा पनि आर्थिक विकासको अवस्थामा विस्तारै सुधार हुदै गएको छ । यस गाउँपालिकाले चालु आ व को १० महिनामा विभिन्न शिर्षकहरुमा गरी कूल रु १८८,१५७,८४७.०० चालु खर्च गरेको छ जुन चालु आ व को चालु खर्च शिर्षकमा गरिएको कूल अनुमान रु ३६७,९५०,०००.०० को ५१.१४ प्रतिशत हुन आउछ । गत आ व मा चालु खर्च अन्तरगत रु ३७८,०८९,०००.०० अनुमान गरिएकोमा रु ३२४,२३३,४४४.०० खर्च भएको छ जुन कूल अनुमानको ८५.७६ प्रतिशत हुन आउँछ । चालु खर्चको विवरण यस प्रकार छ :

| आ. व. | अनुमान | वास्तविक | वास्तविक खर्च प्रतिशत |
|---|---|---|---|
| ०७९/८० | ३७८,०८९,००० | ३२४,२३३,४४४ | ८५.७६ |
| ०८०/८१ | ३६७,९५०,००० | १८८,१५७,८४७ | ५१.१४ |

यस गाउँपालिकाले पूजीगत खर्च अन्तरगत चालु आ व को १० महिनामा विभिन्न शिर्षकहरुमा गरी कूल रु ३८,३२०,५७१ खर्च गरेको छ जुन चालु आ व को खर्चका लागि गरिएको कूल अनुमान रु १८१,५७४,३२६ को २१.१० प्रतिशत हुन आउछ । गत आ व मा पूँजीगत खर्च अन्तरगत रु ३१५,४४९,००० अनुमान गरिएकोमा रु २४१,०२५,२५२ खर्च भएको थियो जुन कूल अनुमानको ७६.४१ प्रतिशत हुन आउँछ । पूँजीगत खर्चको विवरण यस प्रकार छ :

| आ. व. | अनुमान | वास्तविक | वास्तविक खर्च प्रतिशत |
|---|---|---|---|
| ०७९/८० | ३१५,४४९,००० | २४१,०२५,२५२ | ७६.४१ |
| ०८०/८१ | १८१,५७४,३२६ | ३८,३२०,५७१ | २१.१० |

यस गाउँपालिकाको आन्तरिक आय तर्फको विवरण अनुसार पालिकाको आय आ. व. २०७९/८० मा कूल रु १९,६४६,९१५ रकम संकलन भएको थियो जुन कुल अनुमानको ४९.१२ प्रतिशत हुन आउछ। चालु आ व को चैत्र मसान्त सम्मको अवस्था हेर्दा जम्मा रु ...............राजस्व संकलन भएको छ जुन कुल अनुमानको ..........प्रतिशत हुन आउछ। दुई आ. व को आन्तरिक राजस्व संकलनको विवरण तलको तालिकामा संलग्न गरिएको छ ।

| आन्तरिक आय विवरण | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|
| | अनुमान | वास्तविक | अनुमान | वास्तविक (२०८१ जेठ ०६ सम्मको) |
| जम्मा | ३९,९९९,९९९ | १९,६४६,९१५ | | |

यसैगरी यस गाउँपालिकाले अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत संघिय सरकार तथा प्रदेश सरकार मार्फत आ. व २०७९/०८० तथा आ व २०८०/०८१ को चैत्र मसान्त सम्म प्राप्त भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| अन्तरसरकारी वित्तीय हस्तान्तरण | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|
| | अनुमान | वास्तविक | अनुमान | वास्तविक ( २०८० चैत्र मसान्त सम्मको) |
| संघिय सरकार | ३९८,७२८,००० | ३३५,६६७,२३२ | ३५०,७००,००० | २०७,३८६,९०० |
| प्रदेश सरकार | ३७,७५६,००० | २९,६३८,१४७ | २७,७८९,००० | १३,३०३,५०५ |
| जम्मा | ४३६,४८४,००० | ३६५,३०५,३७९ | ३७८,४८९,००० | २२०,६९०,४०५ |

स्थानीय तहले कानुन अनुसार विभिन्न शिर्षकहरुका आधारमा संघिय सरकार, प्रदेश सरकार र स्थानीय तहले संकलन गरेका राजस्व रकमहरु कानुनमा उल्लेख गरिएको प्रतिशतका आधारमा राजस्व बाँडफाड मार्फत प्राप्त गर्दछन। यस पालिकाले पनि राजश्वका विभिन्न शिर्षकहरु अनुसार प्राप्त

भएको रकम चालु आ व को चैत्र मसान्त सम्मको र अघिल्लो आ व मा अनुमानित तथा वास्तविक रुपमा प्राप्त भएको रकम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| राजश्व बाँडफाँड | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|
| | अनुमान | वास्तविक | अनुमान | वास्तविक (२०८० चैत्र मसान्त सम्मको) |
| जम्मा | १३८,३०४,००० | ८४,०९७,७५० | १२३,२८५,३२६ | ४५,३८१,६७० |

**चालु आर्थिक वर्षको १० महिना र गत आर्थिक वर्षमा आर्थिक क्षेत्रमा भएको प्रगति**

यस गाउँपालिकामा विभिन्न उद्योगहरु पनि सञ्चालनमा रहेका छन् । चालु आ.व सम्म ठूला उद्योग १८, मझौला र साना उद्योग १७ वटा र स्थानीय सिपमा आधारित ६३० वटा रहेका छन्  । पालिकामा सरदर करिब ३० जना प्रति वडाका हिसाबले यि उद्योगमा कार्यरत रहेका छन् । व्यवसायतर्फ चालु आ.व.सम्म करिब ६३० व्यवसाय सञ्चालनमा रहेका छन् । चालु आ.व.सम्म पालिकामा ६२ वटा व्यवसाय दर्ता भएका छन् ।

वेरोजगार समस्या देशको ठूलो समस्याको रुपमा रहेको छ । यसतर्फ पालिकामा सुचिकृत वेरोजगार गत आ.व.मा ५४६ जना रहेको चालु आ.व.मा बढेर ६२० पुगेका छन् । यसमा महिलाको संख्या ३२८ रहेको छ भने गत आ.व.मा यस्तो संख्या २७१ थियो । गत आ.व.मा ७४ जनाले ७१९६ दिन कार्य गरेका थिए । चालु आ.व.मा ७४ जना सुचिकृत भएका तर कार्य गर्न बाँकी रहेको छ ।

कृषिमा आधुनिक यान्त्रिकरण अवलम्बन गर्ने कृषक गत आ.व.मा ४५ जना रहेको मा चालु आ.व सम्म ६० पुगेका छन् । यसै गरी आधुनिक कृषि प्रणालीमा दक्षता प्राप्त कृषक १५ जना रहेकोमा चालु आ.व सम्म २० जना पुगेका छन् । कृषक समुहमा हालसम्म १८७५ जना आवद्ध भएका छन् । कृषि उपज वेचविखन गर्ने घरपरिवार चालु आ.व सम्म ५८ प्रतिशत रहेका छन् । गत आ.व.मा यो ६० प्रतिशत थियो । कृषि व्यवसाय फर्म हालसम्म १०४, गाई फर्म गत आ.व.मा ७८ रहेकोमा चालु आ.व सम्म ८० पुगेको छ । बाखा फर्म चालु आ.व सम्म २०, कुखुरा फर्म ४ र माछापालन क्षेत्र पनि विस्तार भइरहेको छ । पालिकामा रहेका ३० वटा कृषि सहकारी संस्था मार्फत किसानले सुविधा प्राप्त गरिरहेका छन् ।

**चालु आर्थिक वर्षको १० महिना र गत आर्थिक वर्षमा सामाजिक क्षेत्रमा भएको प्रगति**

सामाजिक क्षेत्रमा पनि पालिका प्रगति उन्मुख रहेको छ। सामाजिक क्षेत्र अन्तर्गत स्वास्थ्य तर्फ हेर्दा दुई वर्ष मुनिका कम तौल हुन बालबालिका संख्या २.७ प्रतिशत रहेकोमा छ। बालबालिकामा हुने स्वासप्रश्वास संक्रमण दर गत वर्ष १३२ प्रति हजारमा रहेकामा चालु आ.वमा १११ पुगेको छ। यसैगरी बालबालिकामा हुने न्यूमोनिया संक्रमण दर प्रति हजारमा ६ जना रहेकोमा चालु आ.व.मा ५ पुगेको छ। झाडापखालामा पनि क्रमिक सुधार भएको छ। गत आ.वमा ८७ प्रतिहजारमा रहेको चालु आ.व. मा ६१ रहेको छ। घरमा सुत्केरी गराउनेको संख्यामा पनि कमि आएको छ। सुनौला हजार दिन कार्यक्रम मार्फत शिशु र आमालाई १००० दिनसम्म पोषणयुक्त खानेकुरा वितरण गरिदै आएको छ। यसैगरी खानेपानी तर्फ गुणस्तरीय र सर्वसुलभ खानेपानीको पहुँच भएको घरधुरी गत आ.व मा १४.३ प्रतिशत रहेकोमा चालु आ.व.मा १७.२ प्रतिशत पुगेको छ। एक घर एक धारा अनुरुप खानेपानी धारा मार्फत नियमित सेवा पाएका घरधुरी गत वर्ष ११.१ प्रतिशत रहेकोमा चालु आ.वमा १४.७ प्रतिशत पुगेको छ। फोहोरमैला वर्गिकरण गरी व्यवस्थापन गर्ने घरधुरी चालु आ.व.सम्म १८ प्रतिशत पुगेको छ।

खेलकुदतर्फ पालिकामा ३ जना राष्ट्रिय खेलाडी रहेका छन् भने वडा नं ३ मा गाउँ क्रिकेट स्टेडियम र वडा नं ८ मा लाली गुराँस खेलमैदान छ। पालिकाले वार्षिक रुपमा विभिन्न खेलकुद प्रतियोगिता गर्दै आएको छ। महिला, बालबालिका र जेष्ठ नागरिक तर्फ हेर्दा रोजगारीमा महिला सहभागिता १५ प्रतिशत पुगेको छ जुन गत आ.व मा १३ प्रतिशत रहेको थियो। व्यवसायिक सिप भएका अपांगता ४२ जना, व्यवसायिक तालिम प्राप्त महिला ४७० जना रहेका छन्।

व्यक्तिगत घटना दर्ता तर्फ गत वर्ष १६५१ जनाको जन्म भएको थियो जसमा ८२६ पुरुष थिए। चालु आ.व. सम्म १०५३ को जन्म दर्ता भएको छ। बसाईसराई गरी पालिकामा आउने गत वर्ष ७४ ले दर्ता गराएका थिए भने चालु आ.व.मा ३५ ले दर्ता गराएका छन्। विभिन्न शिर्षकमा सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या गत वर्ष ३९०० रहेकोमा चालु आ.व मा ४२४० पुगिसकेको छ।

पालिकाले ३८ वटा टोलविकास संस्था मार्फत स्थानीय टोल स्तरका गतिविधिहरु सञ्चालन गरिरहेको छ। शिक्षातर्फ पनि पालिका प्रगति उन्मुख रहेको छ। आधारभूत तहसम्म उत्तिर्ण दर ९१ प्रतिशत रहेको छ भने भर्ना दर ८२ प्रतिशत पुगेको छ। कक्षा ८ मा कक्षा छोडेको दर ३.५ प्रतिशत रहेको र कक्षा १० मा टिकाउ दर ६२ रहेको छ। छात्रामैत्री शौचालय भएका विद्यालय गत वर्ष भन्दा थप ७ पुगेको छ।

## चालु आर्थिक वर्षको १० महिना र गत आर्थिक वर्षमा स्थानीय पूर्वाधारमा भएको प्रगति

पूर्वाधारको क्षेत्रमा पालिका प्रगति उन्मुख रहेको छ। वडा नं ३ मा १५ वेडको अस्पताल निर्माणाधिन अवस्था रहेको छ। यसै गरीवडा नं १ र २ मा खानेपानी आयोजना निर्माणधिन अवस्थामा रहेको छ। पालिकामा यस आर्थिक वर्षसम्म भौतिक पूर्वाधारतर्फ पक्कि सडक ११८ कि.मी, (किलोमिटर) ग्राभेल १११ कि.मी र कच्ची सडक ९२ कि.मी सम्पन्न भईसकेको छ। सिचाईतर्फ गत आ.व (आर्थिक वर्ष) ८ कि.मी कुलो मर्मत भएकोमा चालु आ.व चैत्र मसान्त सम्म ३ कि.मी गरी११ कि.मी सम्पन्न भएको छ।

## चालु आर्थिक वर्षको १० महिना र गत आर्थिक वर्षमा वातावरण क्षेत्रमा भएको प्रगति

पालिकामा जम्मा वन क्षेत्र ०.२ प्रतिशत मात्र रहेको हुँदा वन क्षेत्रको अभाव रहेको छ। वातावरण क्षेत्रको विकासको लागि पालिकाले एक वडा एक हरि उद्यम कार्यक्रम सञ्चालनमा रहेको छ। यसै गरी बेथरी लुम्बिनी सडक र नहरको दायाँ बाया सडकको मापदण्ड अनुसार बोट विरुवा लगाउने नीति लिएको छ। पालिकामा हालसम्म वातावरणको हिसावले सुन्दरता भएका वडा ३ वटा रहेका छन् भने स्वच्छ र सफा विद्यालय गत आ.व सम्म ६ वटा रहेकोमा चालु अ.व सम्म ९ वटा पुगेको छ। यसैगरी व्यक्तिगत सरसफाइमा पनि क्रमिक सुधार भईरहेको छ।

## चालु आर्थिक वर्षको १० महिना र गत आर्थिक वर्षमा संस्थागत पूर्वाधारमा भएको प्रगति

संस्थागत पूर्वाधारका न्युनतम आवश्यकता पालिकाले पुरा गरिरहेको छ। नव निर्मित सुविधा सम्पन्न भवन बनेको छ भने स्वास्थ्य सेवाको लागि अस्पताल बनाउने कार्य पनि भइरहेको छ। वडाहरु पनि न्यूनतम संस्थागत पूर्वाधार रहेको छ।

## स्थानीय अर्थतन्त्रका प्रमुख चुनौतीहरु

स्थानीय अर्थतन्त्रका प्रमुख चुनौती निम्नुसार रहेका छन्:

- प्रशस्त खेतीयोग्य जमिन भएतापनि पर्याप्त सिंचाईको अभाव, उन्नत जातको मल विउ सहज उपलब्धता नहुन तथा उत्पादन भएका कृषि उपजको उचित मूल्य र बजारीकरणको अभाव,
- कृषिजन्य उद्योगको प्रवर्द्धन गर्ने नीतिगत व्यवस्थाको अस्पष्टता,
- पर्यटन क्षेत्रलाई आयआर्जन र कृषि पर्यटनमा जोड्न नसक्नु,
- वेरोजगारलाई स्थानीय स्तरमा नै स्वरोजगारका लागि तय भएका कार्यक्रमहरु प्रभावकारी बन्न नसक्नु र वैदेशिक रोजगारमा नै बढि आकर्षित हुनु,

- सहकारीको समस्या देशव्यापी रहनु र त्यसको असर समेत पालिकामा पर्नु,
- आर्थिक मन्दीको कारण उत्पादनमा ह्रास र रोजगारी कटौती हुनु,
- ऋणलाई आय आर्जनका क्रियाकलापमा परिचालन गर्नु भन्दा दैनिक जिविकोपार्जनमा खर्च गर्नु जसले गर्दा थप आर्थिक संकट निम्तिनु ।

## निजी क्षेत्रबाट भएका उपलब्धी


पालिकामा नीजि क्षेत्रहरुले मुख्य रुपमा शिक्षा, स्वास्थ्य, सहकारी, होटल व्यवसायमा लगानी गरेका छन् । यसको एकिन उपलब्धीहरुको वारेमा भरपर्दो जानकारी पालिकाले राख्ने गरेको छैन् । सम्बन्धित व्यक्तिहरुसँगको भएको छलफलमा समेत एकिन सुचनाहरु प्राप्त हुन सकेन ।

# परिच्छेद दुई : समग्र आर्थिक स्थिति

## अन्तर्राष्ट्रिय आर्थिक स्थिति

सन् २०१९ देखी २०२३ सम्म विश्‍व अर्थतन्त्रको औसत वृद्धि २.७ प्रतिशत र विकसित अर्थतन्त्रको १.६ प्रतिशत रहेको छ । सन् २०१९ देखी २०२३ सम्मको अवधिमा उदीयमान तथा विकासशील एशियाको अर्थतन्त्रको औसत वृद्धि ४.५ प्रतिशत रहेको छ। सन् २०२५ मा उदीयमान तथा विकासशील एशिया वाहेकका विकसित अर्थतन्त्र र न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि बढ्ने प्रक्षेपण रहेको छ ।

चित्र १ : अन्तराष्ट्रिय आर्थिक वृद्धिदरको स्थिति




सन् २०२४ मा दक्षिण एशियाली मुलुकमध्ये पाकिस्तानको मुद्रास्फीति सबैभन्दा बढी रहने प्रक्षेपण छ । पाकिस्तान बाहेक अन्य मुलुकको मुद्रास्फीति एकल अंकमा कायम रहने अनुमान छ । सन् २०२३ मा २९.२ प्रतिशत रहेको पाकिस्तानको मुद्रास्फीति सन् २०२४ मा २४.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। नेपालको मुद्रास्फीति सन् २०२३ मा ७.८ प्रतिशत रहेकोमा सन् २०२४ मा ६.३ प्रतिशत हुने अनुमान गरिएको छ ।

तालिका ३ दक्षिण एशिया र चिनको मुद्रास्फीतिको अवस्था

| मुलुक | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४* |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ५.६ | ५.६ | ६.१ | ९.० | ९.३ |
| भूटान | ३.० | ८.२ | ५.९ | ४.६ | ४.९ |
| भारत | ६.२ | ५.५ | ६.७ | ५.४ | ४.६ |
| माल्दिभ्स | -१.६ | ०.२ | २.६ | २.६ | ३.८ |
| नेपाल | ६.१ | ३.६ | ६.३ | ७.८ | ६.३ |
| श्रीलङ्का | ४.६ | ६ | ४५.२ | # | # |
| अफगानिस्तान | ५.६ | ७.८ | १०.६ | # | # |
| पाकिस्तान | १०.७ | ८.९ | १२.१ | २९.२ | २४.८ |
| चीन | २.५ | ०.९ | २.० | ०.२ | १.० |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२४  * प्रक्षेपण  #प्रक्षेपण नगरेको

अन्तर्राष्ट्रिय बजारमा सन् २०२३ मा प्रति ब्यारल अमेरिकी डलर ८०.५९ रहेको कच्चा पेट्रोलियम पदार्थको मूल्यमा सन् २०२४ मा २.५ प्रतिशतले कमी आई अमेरिकी डलर ७८.६१ कायम हुने प्रक्षेपण रहेको छ । सन् २०२३ मा पेट्रोलियम पदार्थको मूल्यमा १६.४ प्रतिशतको वृद्धि रहेको थियो ।


## विश्व व्यापार

रुस-युक्रेन, गाजा र इजरायल द्वन्द्वले गर्दा अन्तर्राष्ट्रिय व्यापारमा देखिएको तनावका कारण सन् २०२३ मा विश्व व्यापारको वृद्धि ०.३ प्रतिशतमा सीमित भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२४ मा विश्व व्यापार ३.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ ।

सन् २०२४ मा विकसित र उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी र पैठारी सन् २०२३ को तुलनामा बढ्ने प्रक्षेपण छ । सन् २०२३ मा ०.९ प्रतिशतले वृद्धि भएको विकसित अर्थतन्त्रको निकासीको आयत सन् २०२४ मा २.५ प्रतिशत वृद्धि हुने प्रक्षेपण छ । यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी सन् २०२३ मा ०.१ प्रतिशतले घटेकोमा सन् २०२४ मा ३.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बीमा र पेशागत बैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धि १.९५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा आधारभूत मूल्य ३.५४ प्रतिशतले विस्तार हुने अनुमान छ। गत आर्थिक वर्ष अर्थतन्त्र २.३१ प्रतिशतले विस्तार भएको थियो।

**चित्र २ : कुल ग्राहस्त उत्पादनको वृद्धिदर**




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदन अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक अनुमान बमोजिम उपभोक्ता मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबै भन्दा धेरै ४.५५ प्रतिशत गण्डकी प्रदेशमा र त्यसपछिको धेरै ४.०५ लुम्बिनी प्रदेशको देखिन्छ। उपभोक्ता मूल्यमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा गण्डकी, लुम्बिनी र बागमती प्रदेशको राष्ट्रिय वृद्धिदर भन्दा धेरै देखिन्छ।


चालु आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ उत्पादन उपभोक्ता मूल्यमा करिब ५७ खर्ब ५ अर्ब हुने अनुमान गरिएकोमा लुम्बिनी प्रदेशको योगदान १४.२६ प्रतिशत हुने अनुमान गरिएको छ। यो योगदान गत वर्षको भन्दा बढी हो।

लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा चालु आर्थिक वर्ष २०८०/८१ का लागि करिब रु ८ खर्ब १४ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आर्थिक वर्ष २०७९/८० मा करिब रु ७ खर्ब ६४ अर्ब रहने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १४.२६ प्रतिशत योगदान पुर्‍याउने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशले १४.२९ प्रतिशत योगदान पुर्याउने संशोधित अनुमान रहेको छ। यसैगरी यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्षमा २०८०/८१ मा ४.०५ प्रतिशत हुने प्रारम्भिक अनुमान र गत आर्थिक वर्ष २०७९/८० मा १.९९ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उतपादनमा सबैभन्दा धेरै २९.६३ प्रतिशत योगदान कृषि,वन तथा मत्स्य क्षेत्रको रहने र सबैभन्दा न्यून ०.३४ प्रतिशत योगदान प्रशासनिक सहयोगि क्षेत्रको रहने प्रारम्भिक अनुमान रहेको छ। गत आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको योगदान अग्रस्थान २९.२७ प्रतिशत मा हुने प्रारम्भिक अनुमान र प्रशासानिक सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान ०.३३ प्रतिशतमा रहने संशोधित अनुमान गरिएको छ। लुम्बिनी प्रदेशमा क्षेत्रगत रुपमा हेदा चालु आर्थिक वर्ष २०८०/८१ का लागि मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै २८.९३ प्रतिशत विद्युत क्षेत्रको र सबैभन्दा थोरै –१.४३ प्रतिशत उत्पादनमूलक उद्योग क्षेत्रको हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसैगरी गत आर्थिक वर्षमा २०७९/८० का लागि मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा २०.५७ प्रतिशत विद्युत क्षेत्रको र सबैभन्दा कम –३.१४ प्रतिशत थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको रहने संसोधित अनुमान गरिएको छ।

## उपभोग

कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसल ९१.२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष यस्तो अंश ९२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष ६.५ प्रतिशत बढेको कुल उपभोग चालु आर्थिक वर्ष ६.४ प्रतिशतले बढ्ने अनुमान छ।


चित्र ३ : कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश




## बचत

गत आर्थिक वर्षमा कुल ग्राहस्थ्य उत्पादनमा कुल र्गाहस्त बचत ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष सिमान्त वृद्धि भई ७.६ प्रतिशत पुग्ने अनुमान छ । पछिल्लो दशक कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचत बार्षिक औसत ८.८ प्रतिशत रहेको छ ।

**चित्र ४ : बचतको अवस्था**





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचतको अंश पछिल्ला दुई आर्थिक वर्ष बढ्दो छ। चालु आर्थिक वर्ष कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३६.१५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो अनुपात ३३.७९ प्रतिशत रहेको थियो। पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल राष्ट्रिय बचत वार्षिक औसत ३६.०६ प्रतिशत रहेको छ।

## लगानी

पुँजीगत खर्च र कर्जा लगानी न्यून भएका कारण कुल लगानीमा समेत कमी आएको छ। आर्थिक वर्ष २०७६/७७ मा उच्चदरले घटेको कुल लगानी त्यसपछि क्रमशः बढ्दै गत आर्थिक वर्ष पुनः घटेको छ। लगानीको वातावरणमा सुधार भई लगानीकर्ताको आत्मविश्वास क्रमशः बढ्दै जाने अनुमानका आधारमा चालु आर्थिक वर्ष कुल लगानी २.८ प्रतिशतले बढेर रु १७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ। पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.३ प्रतिशत रहेको छ।

चित्र ५ : लगानीको अवस्था





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

## प्रतिव्यक्ति आय

गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु १ लाख ८१ हजार ५ सय ६९ रहेकोमा चालु आर्थिक वर्ष रु १ लाख ९१ हजार ८ सय ८८ पुग्ने अनुमान छ। चालु आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ५.७ प्रतिशतले बढ्ने अनुमान छ। पछिल्लो दशक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत वृद्धिदर ९.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १३८९ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १४३४ अमेरिकी डलर पुग्ने अनुमान छ।


चित्र ६ : प्रचलित मूल्यमा प्रति व्यक्ति आयको वृद्धिदर (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

प्रतिव्यक्ति राष्ट्रिय आय क्रमश: बढदै गएको छ। चालु आर्थिक वर्ष प्रतिव्यक्ति कुल राष्ट्रिय आय गत वर्षको तुलनामा ३.६ प्रतिशतले बृद्धि हुने अनुमान छ। गत आर्थिक वर्ष यस्तो आय १.० प्रतिशतले घटेको थियो। चालु आर्थिक वर्ष प्रति व्यक्ति राष्ट्रिय आय १४५६ डलर पुग्ने अनुमान छ। गत आर्थिक वर्ष यस्तो आय १४०५ अमेरिकी डलर रहेको थियो। त्यसैगरी, गत आर्थिक वर्ष प्रति व्यक्ति कुल खर्च योग्य आय १७५५ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष यस्तो आय अमेरिकी डलर १८४३ पुग्ने अनुमान छ।

**चित्र ७ : प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर)**





स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

## सार्वजनिक वित्त

आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको कुल राजस्व संकलन( सो आर्थिक वर्षमा तीन तहका सरकारले संकलन गरेको रोयल्टीमध्ये बाँडफाँड गर्न बाँकी रहेका रु ६ अर्ब ८९ करोड ७० लाख सहित) रु १० खर्ब ४२ अर्ब ६४ करोड रहेको छ। तीन तहका सरकारले उपयोग गरेको राजस्व रु १० खर्ब ४२ अर्ब ६४ करोड रहेको छ। तीन तहका सरकारले उपयोग गरेका राजस्व रु १० खर्ब ३५ अर्ब ७५ करोड मध्ये संघ, प्रदेश र स्थानीय तहले उपयोग गरेको राजस्वको हिस्सा क्रमश: ८०.५६ प्रतिशत, ८.८ प्रतिशत र १०.५९ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७९/८० मा संघ, प्रदेश र स्थानीय तहको खुद खर्च रु १६ खर्ब ५६ अर्ब ७ करोड रहेको छ। एकिकृत खर्च मध्ये चालु खर्च ५६.३० प्रतिशत, पुँजीगत खर्च ३१.८५ प्रतिशत र वित्तीय व्यवस्था तर्फको खर्च ११.८५ प्रतिशत रहेको छ। यसैगरी कुल एकिकृत खर्च मध्ये संघ, प्रदेश र स्थानीय तहले गरेको खर्च क्रमश: ६१.८३ प्रतिशत, १०.७७ प्रतिशत र २७.४० प्रतिशत रहेको छ।

**चित्र ८ : तीन तहको सरकारको एकिकृत खर्चको स्थिति (प्रतिशत)**




स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

## स्थानीय तहको आर्थिक वित्त सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई निम्नानुसारका आय संकलन गर्ने अधिकार प्रदान गरेको छ ।

### (क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकार:

#### अ) कर

- **सम्पत्ति कर:** आफनो क्षेत्रभित्रको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत पर्ने ।
- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको घरजग्गामा भूमिकर (मालपोत) नलाग्ने ।
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्साहरुको दर्ता तथा नविकरण वापत लगाइने कर ।
- जडिबुटी, कवाडी र जीवजन्तु कर:: आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत लगाइने कर ।

#### आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

#### इ) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनारञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा

  (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ( अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिश सम्बन्धी अन्य सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - ✓ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, टयुसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ✓ ढुङ्गा, गिट् टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।
- गाउँपालिका तथा नगरपालिकाले आफनो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने । यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने
- सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन् रोयल्टी ।
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।

- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन ।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता ।

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार वित्तीय अधिकार प्रदान गरेको छ ।

एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) .मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने । प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गनुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

## (ग) राजश्व बाँडफाँड

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने । आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने ।

### (घ) अनुदान

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त ।
- सशर्त अनुदानः कुनै योजना/ कार्यक्रम तथा गतिविधिहरु कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेश सरकारवाट प्रदान गरिने अनुदान ।

### (ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)

- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र

## स्थानीय आय

गाउँपालिकाको देहाय वमोजिमका आम्दानीका श्रोतहरु रहेका छन् । विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

१. पालिकाको एकल अधिकार क्षेत्रबाट प्राप्त कर, शुल्क एवं दस्तुर सम्पत्ति कर, भूमी कर/मालपोत, घर जग्गा बहाल कर, बहाल विटौरी कर, सवारी साधन कर, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, व्यवसायले भुक्तानी गर्ने कर, न्यायिक दस्तुर, परिक्षा शुल्क, प्रशासनिक सेवा शुल्क, पार्किङ्ग शुल्क, नक्सापास दस्तुर, सिफारिस दस्तुर व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, प्रशासनिक दण्ड, जरिवाना र जप बेरुजु,तथा बैंक मौजदात

२. प्रदेश तथा संघीय कानून अनुसार बाँडफाँड बाट प्राप्त राजश्वहरु

- घरजग्गा रजिष्ट्रेशन दस्तुर
- मूल्य अभिवृद्धि कर र अन्तशुल्क
- सवारी साधन कर
- विज्ञापन, मनोरञ्जन कर
- बन रोयल्टी
- दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त

३. अनुदान (संघिय तथा प्रदेश सरकार)

- समानिकरण अनुदान
- शसर्त अनुदान चालु
- शसर्त अनुदान पूँजीगत
- विषेश अनुदान
- समपुरक अनुदान
- वैदेशिक सहायता तथा आन्तरिक ऋण

## आन्तरिक आय परिचालनको वर्तमान अवस्था

स्थानीय तहका राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा गाउँपालिकाको सम्भाव्य आय शिर्षकहरू अर्न्तगतको बर्तमान राजश्व परिचालनको अवस्था विश्लेषण र गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

आन्तरिक आय परिचालनको वर्तमान अवस्था *(विगत आ.व.को यथार्थ आम्दानी तथा छलफलको आधारमा)*

**तालिका ४ स्थानीय आय परिचालनको अवस्था**

| क्रसं. | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/ नभएको |
|---|---|---|---|---|
| **क.सं** | **कर राजस्व तर्फ** | | | |
| १ | सम्पत्तिमा आधारित कर - घर जग्गा तथा मालपोत वा भूमिकर | भएको | गरिएको | भएको |
| २ | सम्पत्तिमा आधारित कर-सम्पत्ति कर | भएको | गरिएको | भएको |
| ३ | सवारी कर रिक्सा), अटोरिक्सा, टयाक्सी ( | भएको | गरिएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | गरिएको | भएको |
| ५ | व्यवसाय कर | भएको | गरिएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | गरिएको | नभएको |
| ७ | विज्ञापन कर | | | |
| ८ | मनोरञ्जन कर | | | |
| ९ | व्यवसाय रजिष्ट्रेशन शुल्क | भएको | गरिएको | भएको |
| **ख.** | **गैर कर राजस्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | गरिएको | नभएको |
| २ | नक्सापास दस्तुर | भएको | गरिएको | भएको |
| ३ | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | गरिएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | गरिएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | भएको | गरिएको | नभएको |
| ६ | अस्पताल संचालन | | | |
| ७ | फोहरमैला ब्यवस्थापन शुल्क | नभएको | नगरिएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | भएको | नगरिएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | नभएको | नगरिएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | नभएको | नगरिएको | नभएको |
| ११ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | भएको | गरिएको | नभएको |
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | गरिएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर एफ एम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | गरिएको | नभएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | गरिएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | गरिएको | भएको |

## आन्तरिक राजस्व संकलनको अवस्था

यस गाउँपालिकाको आन्तरिक आय तर्फको विवरण अनुसार गाउँपालिकाको आय मध्ये सबै शीर्षकहरुबाट राजस्व संकलन हुन सकेको देखिदैन । आन्तरिक आयको अनुमान अनुसार राजस्व संकलन हुन सकेको छैन । आ. व. २०७९/८० मा कूल रु १९,६४६,९१५.०० राजस्व संकलन भएको छ जुन कुल अनुमानको ४९।१२ प्रतिशत हुन आउछ । चालु आ व को चैत्र मसान्त सम्मको अवस्था हेर्दा जम्मा रु ……… …….०० राजस्व संकलन भएको छ जुन कुल अनुमानको…. ….. …… प्रतिशत हुन आउछ। दुई आ. व को आन्तरिक राजस्व संकलनको विवरण तलको तालिकामा संलग्न गरिएको छ । विगत पाँच आ. व को आन्तरिक राजस्व संकलनको विस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

**तालिका ५ : आन्तरिक राजस्व संकलनको अवस्था**

| राजश्व संकेत | राजश्व शिर्षक | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|---|
| | | अनुमान | वास्तविक | अनुमान | वास्तविक |
| ११1३१ | सम्पत्ति बहाल पट्टा वापत लाग्ने कर | ३९,९९९,९८४ | ३३९,२१६ | | |
| ११३१३ | सम्पत्ति कर | १ | २,६०९,६८० | | |
| ११३१४ | भूमी कर (मालपोत) | १ | २,८१२,११९ | | |
| ११३२१ | बहाल कर | १ | २,२०२,९९९ | | |
| ११३१८ | बहाल विटौरी शुल्क | | | | |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | १ | १००,००० | | |
| ११४७९ | अन्य मनोरंजन कर | | | | |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | |
| ११६९१ | अन्य कर | १ | ४१९,३८३ | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | |
| १४२१३ | | १ | ४०२,३८५ | | |
| १४२१९ | अन्य सेवा शुल्क | १ | ७८९,००५ | | |
| १४२२४ | परीक्षा शुल्क | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १ | १० | | |
| १४२४२ | नक्सापास दस्तुर | १ | ६५३,९२० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४२४३ | सिफारिश दस्तुर | १ | ५,६०६,१८० | | |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १ | ६५५,३०० | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १ | ३०० | | |
| १४२४९ | अन्य दस्तुर | १ | १,४४१,४६३ | | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | | | | |
| १४२५३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १ | १,१९९,४९९ | | |
| १४४२१ | पूजीगत हस्तान्तरण | | | | |
| १४५२९ | अन्य राजश्व (विविध आय) | १ | ४१५,४५७ | | |
| १४६११ | व्यवसाय कर | | | | |
| | जनसहभागिता | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | | | |
| | | ३९,९९९,९९९ | १९,६४६,९१५ | - | - |

स्रोत: मायादेवी गाउँपालिका कार्यालय


यस गाउँपालिकाको विगत पाँच वर्षको आन्तरिक आय तर्फको विवरण हेर्दा आ. व. ०७८/७९ मा सबै भन्दा बढी प्रतिशत उपलब्धी भएको देखिन्छ। यस आ व मा कूल अनुमानको झण्डै ९५ प्रतिशत उपलब्भधी भएको देखिन्छ । रावस्व संकलनको वृद्धि दर हेर्दा आ.व ०७८/७९ मा सबै भन्दा वढी भएको छ । अघिल्लो आ व को तुलनामा यस आ व मा ३८.५८ प्रतिशत वृद्धि भएको देखिन्छ। थप विवरण तलको तालिका तथा बार रेखाचित्रमा प्रस्तुत गरिएको छ।

**तालिका ६** आन्तरिक आय तर्फ विगत पाँच आ. व. को विवरण

| आ. व. | अनुमान | वास्तविक | उपलब्धी प्रतिशत |
|---|---|---|---|
| ०७६/७७ | ७९,९६०,९०० | २५,६८७,९९८ | ३२.१३ |
| ०७७/७८ | ८९,९५८,४०२ | ३४,६९१,१३२ | ३८.५६ |
| ०७८/७९ | ४९,०८३,९४५ | ४८,०७४,८५० | ९७.९४ |
| ०७९/८० | ३९,९९९,९९९ | १९,६४६,९१५ | ४९.१२ |
| ०८०/८१ | - | - | |

स्रोत: मायादेवी गाउँपालिका कार्यालय

*चित्र ९ : आन्तरिक आय तर्फ विगत पाँच आ. व. को विवरण*




## अन्तरसरकारी वित्तीय हस्तान्तरण

सबै गाउँपालिकाहरुलाई संघिय सरकार तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकहरुमा अनुदान स्वरुप अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत रकम प्रदान गरेका हुन्छ। यस गाउँपालिकाले अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत संघिय सरकार तथा प्रदेश सरकार मार्फत आ. व २०७९/०८० तथा आ व २०८०/०८१ को चैत्र मसान्त सम्म प्राप्त भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। विगत पाँच आ व देखिको विवरण अनुसूचीमा समावेश गरिएको छ।

**तालिका ७ : गत आ. व. र चालु आ. व को अन्तरसरकारी वित्तीय हस्तान्तरण**

| राजश्व संकेत | राजश्व शिर्षक | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|---|
| | | **अनुमान** | **वास्तविक** | **अनुमान** | **वास्तविक ( २०८० चैत्र मसान्त सम्मको)** |
| | **संघिय सरकार** | ३९८,७२८,००० | ३३५,६६७,२३२ | ३५०,७००,००० | २०७,३८६,९०० |
| १३३११ | समानीकरण अनुदान | १५६,१००,००० | १४४,३९२,५०० | १३५,७००,००० | ७५,५८४,९०० |
| १३३१२ | शसर्त अनुदान चालु | १८६,५१८,००० | १६०,७०३,९८१ | १९६,५००,००० | १२९,४९२,००० |
| १३३१४ | विषेश अनुदान चालु | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३१५ | विषेश अनुदान पूजीगत | १५,०००,००० | - | १०,०००,००० | |
| १३३१६ | समपुरक अनुदान चालु | | | | |
| १३३१७ | समपुरक अनुदान पूजीगत | १५,०००,००० | १२,७५०,०९६ | ५,०००,००० | |
| १३३१८ | अन्य अनुदान चालु | | | | |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | २६,११०,००० | १७,८२०,६५५ | ३,५००,००० | २,३१०,००० |
| | **प्रदेश सरकार** | **३७,७५६,०००** | **२९,६३८,१४७** | **२७,७८९,०००** | **१३,३०३,५०५** |
| १३३११ | समानीकरण अनुदान | ८,७५६,००० | ८,७५६,००० | १०,१३९,००० | ७,६०४,२५० |
| १३३१२ | शसर्त अनुदान चालु | ८,०००,००० | ६,२९०,१५२ | १,६५०,००० | ५३९,०५५ |
| | विषेश अनुदान | ६,०००,००० | ३,८३२,४७१ | ६,०००,००० | १,९६०,२०० |
| १३३१६ | समपुरक अनुदान चालु | | | | |
| १३३१७ | समपुरक अनुदान पूजीगत | १५,०००,००० | १०,७५९,५२४ | १०,०००,००० | ३,२००,००० |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | | | | |
| | अन्य अनुदान (अन्य संस्थागत आन्तरिक अनुदान १३४११) | | | | |
| | जम्मा | ४३६,४८४,००० | ३६५,३०५,३७९ | ३७८,४८९,००० | २२०,६९०,४०५ |

स्रोतः मायादेवी गाउँपालिका कार्यालय

यस गाउँपालिकाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तरगत विगत पाँच आ व मा प्राप्त भएको अनुदान रकमको संक्षिप्त विवरण यहाँ उल्लेख गरिएको छ। यस तालिकामा तथा ग्राफ चित्रमा चालु आव समेत विगत पाँच आ व मा अनुमान गरिएको र वास्तविक रुपमा प्राप्त भएको रकम प्रत्येक आ व अनुसार एकमुष्ट रुपमा प्रस्तुत गरिएको छ। शिर्षकगत रुपमा अनुसूचीमा समावेश गरिएको छ।


**तालिका ८ : विगत पाँच वर्षको अनुदान वापतको आम्दानीको विवरण**

| आ. व. | अनुमान | वास्तविक |
|---|---|---|
| ०७६/७७ | ३३०,३४२,००० | ३२७,४९३,००० |
| ०७७/७८ | ३९५,०७०,०४० | ३९६,१३३,०४० |

| | | |
|---|---|---|
| ०७८/७९ | ४२५,११८,*००० | ३६४,३१०,२४२ |
| ०७९/८० | ४३६,४८४,००० | ३६५,३०५,३७९ |
| ०८०/८१ | ३७८,४८९,००० | २२०,६९०,४०५ |

स्रोत: मायादेवी गाउँपालिका कार्यालय

*चित्र १० : विगत पाँच वर्षको अनुदान वापतको आम्दानीको तुलनात्मक विवरण चित्र*




## राजश्व बाँडफाँडबाट प्राप्त आय

स्थानीय तहले कानुन अनुसार विभिन्न शिर्षकहरुका आधारमा संघिय सरकार, प्रदेश सरकार र स्थानीय तहले संकलन गरेका राजस्व रकमहरु कानुनमा उल्लेख गरिएको प्रतिशतका आधारमा राजस्व बाँडफाड मार्फत प्राप्त गर्दछन । यस पालिकाले पनि राजश्वका विभिन्न शिर्षकहरु अनुसार प्राप्त भएको रकम चालु आ व को चैत्र मसान्त सम्मको र अघिल्लो आ व मा अनुमानित तथा वास्तविक रुपमा प्राप्त भएको रकम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: गत आ. व. र चालु आ. व. को राजस्व बाँडफाँड मार्फत प्राप्त रकमको विवरण**

| राजश्व संकेत | राजश्व शिर्षक | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|---|
| | | अनुमान | वास्तविक | अनुमान | वास्तविक ( २०८१ चैत्र मसान्त सम्मको) |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.क र | ११०,५१७,५०५ | ५७,८७४,४१७ | १०८,३९०,००० | ३६,६३६,८३७ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | |
| ११४५६ | सवारी साधन कर | ७,६८६,००० | ६,१२६,८८९ | ४,८९५,३२६ | ३,३०१,६०५ |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | २०,०००,००० | १९,९९५,९४९ | १०,०००,००० | ५,४४३,२२८ |
| १४१५३ | वन रोयल्टी | १००,४९५ | १००,४९५ | | |
| १४१५७ | दहरहत्तरक | | | | |
| ११४७२ | विज्ञापन कर | | | | |
| | **जम्मा** | **१३८,३०४,०००** | **८४,०९७,७५०** | **१२३,२८५,३२६** | **४५,३८१,६७०** |

स्रोतः मायादेवी गाउँपालिका कार्यालय


पालिकाले राजस्व बाँडफाँड अन्तरगत चालु आ व को १० महिना समेत विगत पाँच आ व मा प्राप्त भएको बाडफाँड रकमको संक्षिप्त विवरण यहाँ उल्लेख गरिएको छ। यस तालिकामा तथा बार चित्रमा चालु आव समेत विगत पाँच आ व मा अनुमान गरिएको र वास्तविक रुपमा प्राप्त भएको रकम प्रत्येक आ व अनुसार एकमुष्ट रुपमा प्रस्तुत गरिएको छ । शिर्षकगत रुपमा अनुसूचीमा समावेश गरिएको छ ।

**तालिका १० : विगत ५ आ. व. को राजस्व बाँडफाँड मार्फत प्राप्त रकमको विवरण**

| आ. व. | अनुमान | वास्तविक |
|---|---|---|
| ०७६/७७ | १०७,२९५,००० | ६७,७६७,९५२ |
| ०७७/७८ | ९५,२०९,७४० | १४७,३०२,७८३ |
| ०७८/७९ | १४२,५४९,२७० | १२७,६९३,०२८ |
| ०७९/८० | १३८,३०४,००० | ८४,०९७,७५० |
| ०८०/८१ | १२३,२८५,३२६ | ४५,३८१,६७० |

स्रोतः मायादेवी गाउँपालिका कार्यालय

*चित्र ११ : विगत ५ आ. व. को राजस्व बाँडफाँड मार्फत प्राप्त रकमको विवरण*





## चालु तथा पूजीगत खर्चको विवरण

यस पालिकाले गरेको चालु आ व समेत विगत पाँच आ व को चालु तथा पुजीगत खर्चको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

### चालु खर्च


यस पालिकाले चालु आ व को १० महिनामा विभिन्न शिर्षकहरुमा गरी कूल रु १८८,१५७,८४७.०० चालु खर्च गरेको छ जुन चालु आ व को चालु खर्च शिर्षकमा गरिएको कूल अनुमान रु ३६७,९५०,०००.०० को ५१.१४ प्रतिशत हुन आउछ । चालु आ व को कूल खर्च अन्तरगत चालु तथा पूजीगत खर्चको अनुपात तलको चार्टमा प्रस्तुत गरिएको छ :

***चित्र १२ : चालु* आ. व. को वास्तविक चालु तथा पूजीगत खर्चको तुलनात्मक विवरण**




यसै गरी अघिल्लो आ व को वास्तविक चालु तथा पूजीगत खर्चको विवरण

*चित्र १३ : गत आ. व. को वास्तविक चालु तथा पूजीगत खर्चको तुलनात्मक विवरण*





**तालिका ११ : विगत पाँच आ व को अनुमानित तथा वास्तविक चालु खर्चको विवरण**

| आ. व. | अनुमान | वास्तविक | वास्तविक खर्च प्रतिशत |
|---|---|---|---|
| ०७६/७७ | २६२,०८४,५६३ | २२२,५०६,९६७ | ८४.९० |
| ०७७/७८ | ३२३,७८१,९४२ | २५७,६८६,१२८ | ७९.५९ |
| ०७८/७९ | ३६४,९४९,८७० | २९९,४११,१५२ | ८२.०४ |

| | | | |
|---|---|---|---|
| ०७९/८० | ३७८,०८९,००० | ३२४,२३३,४४४ | ८५.७६ |
| ०८०/८१ | ३६७,९५०,००० | १८८,१५७,८४७ | ५१.१४ |

स्रोत: मायादेवी गाउँपालिका कार्यालय

*चित्र १४ : विगत पाँच आ व को अनुमानित तथा वास्तविक चालु खर्चको तुलनात्मक विवरण*





**तालिका १२ विगत पाँच आ व को अनुमानित तथा वास्तविक पूजीगत खर्चको विवरण**

| आ. व. | अनुमान | वास्तविक | वास्तविक खर्च प्रतिशत |
|---|---|---|---|
| ०७६/७७ | ३२४,५४२,००० | १६२,१४४,४५८ | ४९.९६ |
| ०७७/७८ | ३४४,६६६,०१३ | २७५,०१०,६०९ | ७९.७९ |
| ०७८/७९ | ३१५,१२८,००० | २२७,६१५,७७२ | ७२.२३ |
| ०७९/८० | ३१५,४४९,००० | २४१,०२५,२५२ | ७६.४१ |
| ०८०/८१ | १८१,५७४,३२६ | ३८,३२०,५७१ | २१.१० |

(आ व २०८०/०८१ को चैत्रमसान्त सम्मको वास्तविक खर्च विवरण)

स्रोत: मायादेवी गाउँपालिका कार्यालय

चित्र १५ : विगत पाँच आ व को अनुमानित तथा वास्तविक पूजीगत खर्चको तुलनात्मक विवरण




**तालिका १३: विगत पाँच आ व मा भएको कूल खर्च अन्तरगत चालु तथा पूजीगत खर्चको विवरण**

| आ. व. | चालु खर्च | पूजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| ०७६/७७ | २२२,५०६,९६७ | १६२,१४४,४५८ | ३८४,६५१,४२५ |
| ०७७/७८ | २५७,६८६,१२८ | २७५,०१०,६०९ | ५३२,६९६,७३७ |
| ०७८/७९ | २९९,४११,१५२ | २२७,६१५,७७२ | ५२७,०२६,९२४ |
| ०७९/८० | ३२४,२३३,४४४ | २४१,०२५,२५२ | ५६५,२५८,६९६ |
| ०८०/८१ | १८८,१५७,८४७ | ३८,३२०,५७१ | २२६,४७८,४१८ |

स्रोत: मायादेवी गाउँपालिका कार्यालय

## क्षेत्रगत बजेट विनियोजन र खर्चको विवरण

**तालिका १४: चालु र गत आ. व. को क्षेत्रगत बजेट विनियोजन र खर्चको विवरण**

| क.सं. | पुनर्निर्माण | | २०७९/०८० | | | | २०८०/०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल विनियोजन तथा खर्च | क्षेत्रगत बजेटमा शीर्षकगत प्रतिशत | विनियोजन | खर्च | प्रतिशत | क्षेत्रगत बजेटमा शीर्षकगत प्रतिशत | विनियोजन | खर्च | प्रतिशत |
| **१** | **कूल विनियोजन तथा खर्च** | १०० | ६९३,५३८,००० | ५६५,२५८,६९६ | ८१.५० | १००.०० | ५४९,५२४,३२६ | २२६,४७८,४१८ | ४१.२१ |
| **क.** | **आर्थिक क्षेत्र** | ५.६५ | ३९,१६०,००० | ३३,६६८,७८६ | ८५.९८ | ५.४२ | २९,७८८,००० | ३,०२७,८८७ | १०.१६ |
| **ख.** | **सामाजिक क्षेत्र** | ३९.५८ | २७४,४८३,००० | २१८,०२९,२१० | ७९.४३ | ४८.०७ | २६४,१७१,३२७ | १३२,१५४,३२५ | ५०.०३ |
| **ग.** | **पूर्वाधार क्षेत्र** | ३२.४७ | २२५,२१५,००० | १७५,७७३,८०२ | ७८.०५ | २३.२४ | १२७,६८९,९९९ | ३१,८४९,५१६ | २४.९४ |
| **घ.** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | ५.३९ | ३७,३९०,००० | ३२,९९५,६९१ | ८८.२५ | ३.७४ | २०,५२५,००० | ५,८५९,६१६ | २८.५५ |
| **ङ** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | १६.९१ | ११७,२९०,००० | १०४,७९१,२०७ | ८९.३४ | १९.५४ | १०७,३५०,००० | ५३,५८७,०७४ | ४९.९२ |
| | | | | | | | | | |
| **क.** | **आर्थिक क्षेत्र** | १०० | ३९,१६०,००० | ३३,६६८,७८६ | ८५.९८ | १००.०० | २९,७८८,००० | ३,०२७,८८७ | १०.१६ |
| | कृषि | ३८.५३ | १५,०९०,००० | १२,८७१,२३४ | ८५.३० | २८.८४ | ८,५९०,००० | ७५८,७०१ | ८.८३ |
| | उद्योग, व्यापार तथा व्यवसाय | ९.१९ | ३,६००,००० | ३,२६०,००० | ९०.५६ | ६.२४ | १,८६०,००० | ६०९,६६६ | ३२.७८ |
| | पर्यटन तथा संस्कृति | ०.०० | | | ०.०० | १७.६२ | ५,२५०,००० | - | ०.०० |
| | सहकारी | ३.९६ | १,५५०,००० | १,२३७,६७० | ११.५८ | २.३५ | ७००,००० | १००,००० | १४.२९ |
| | जलस्रोत तथा सिंचाई | २७.३० | १०,६९०,००० | ९,६३५,८४९ | १४४.२५ | ३२.२३ | ९,६००,००० | | ०.०० |
| | पशुपन्क्षी विकास | १७.०६ | ६,६८०,००० | ५,९६०,१०७ | ३८४.५२ | ६.३४ | १,८८८,००० | १,५५९,५२० | ८२.६० |
| | भूमी व्यवस्था | ३.९६ | १,५५०,००० | ७०३,९२६ | ४५.४१ | ५.३७ | १,६००,००० | | ०.०० |
| | आपुर्ति | ०.०० | | | | १.०१ | ३००,००० | | ०.०० |


| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **ख.** | **सामाजिक क्षेत्र** | **१००** | **२७४,४८३,०००** | **२१८,०२९,२१०** | **७९.४३** | **१००** | **२६४,१७१,३२७** | **१३२,१५४,३२५** | **५०.०३** |
| | शिक्षा | ६५.२३ | १७९,०५३,००० | १४९,०८३,३०८ | ८३.२६ | ६८.६० | १८१,२२५,००० | ९९,८१२,५२७ | ५५.०८ |
| | स्वास्थ्य | २४.२५ | ६६,५६३,००० | ४४,४१७,८३६ | ६६.७३ | २४.०१ | ६३,४३२,००० | २६,३६२,५७३ | ४१.५६ |
| | खानेपानी तथा सरसफाइ | ४.९८ | १३,६६०,००० | १२,३२३,९९४ | ९०.२२ | ४.११ | १०,८४९,००१ | २,९३१,७६७ | २७.०२ |
| | भाषा तथा संस्कृति | १.४९ | ४,१००,००० | ३,४१२,४२५ | ८३.२३ | १.३९ | ३,६५९,३२६ | १,३९७,३५८ | ३८.१९ |
| | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | २.४३ | ६,६५७,००० | ६,०२५,९९१ | ९०.५२ | ०.९५ | २,५००,००० | १८३,१०० | ७.३२ |
| | युवा, खेलकुद तथा नवप्रवर्तन | ०.४४ | १,२००,००० | १,०९५,२१७ | ९१.२७ | ०.५१ | १,३४०,००० | १,०५०,००० | ७८.३६ |
| | सामाजिक सुरक्षा तथा पंजीकरण | १.१८ | ३,२५०,००० | १,६७०,४३९ | ५१.४० | ०.४४ | १,१६६,००० | ४१७,००० | ३५.७६ |
| **ग.** | **पूर्वाधार क्षेत्र** | **१००** | **२२५,२१५,०००** | **१७५,७७३,८०२** | **७८.०५** | **१००** | **१२७,६८९,९९९** | **३१,८४९,५१६** | **२४.९४** |
| | यातायात पूर्वाधार | ६०.४१ | १३६,०५०,००० | ११५,९११,२५९ | ८५.२० | ५९.९८ | ७६,५८९,९९९ | ३०,७२३,८८२ | ४०.११ |
| | भवन आवास तथा सहरी विकास | ३०.८१ | ६९,३८५,००० | ४४,८११,४२३ | ६४.५८ | ३४.०३ | ४३,४५०,००० | ९३१,६३४ | २.१४ |
| | ऊर्जा | ३.८८ | ८,७४०,००० | ६,९७१,४६१ | ७९.७७ | २.१९ | २,८००,००० | - | ०.०० |
| | सम्पदा पूर्वाधार | ४.९० | ११,०४०,००० | ८,०७९,६५९ | ७३.१९ | ३.८० | ४,८५०,००० | १९४,००० | ४.०० |
| | विज्ञान तथा प्रविधि | ०.०० | | | | ०.०० | | | |
| | पुनर्निर्माण | ०.०० | | | | ०.०० | | | |
| **घ.** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **९८** | **३७,३९०,०००** | **३२,९९५,६९१** | **८८.२५** | **९५** | **२०,५२५,०००** | **५,८५९,६१६** | **२८.५५** |
| | विपद व्यवस्थापन | ३२.४० | १२,११५,००० | ११,०३१,३७५ | ९१.०६ | ३०.०९ | ६,१७५,००० | १,३३०,०७२ | २१.५४ |
| | वातावरण तथा जलवायु | ५.८८ | २,२००,००० | १,९८३,९७२ | ९०.१८ | ०.०० | | | |
| | नीति, कानुन, न्याय तथा सुशासन | २.२७ | ८५०,००० | ५९०,६२१ | ६९.४८ | ०.०० | | | |
| | मानव संसाधन | ७.२२ | २,७००,००० | १,५२०,७६८ | ५६.३२ | १.४६ | ३००,००० | - | ०.०० |
| | शान्ति तथा सुव्यवस्था | ३.०४ | १,१३५,००० | ८६६,९२५ | ७६.३८ | १.४६ | ३००,००० | ५३,०३६ | १७.६८ |
| | शासन प्रणाली | ५.३५ | २,०००,००० | १,९९१,२०९ | ९९.५६ | १२.४२ | २,५५०,००० | २,०००,००० | ७८.४३ |
| | योजना तर्जुमा र कार्यान्वयन | १०.७० | ४,०००,००० | ४,०००,००० | १००.०० | ०.०० | | | |
| | अनुगमन तथा मूल्यांकन | ७.९० | २,९५५,००० | २,७८६,९०१ | ९४.३१ | १.९५ | ४००,००० | - | ०.०० |
| | प्रशासकीय सुशासन ८ | १.०७ | ४००,००० | ३८६,६४५ | ९६.६६ | १.२२ | २५०,००० | | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथ्यांक प्रणाली | ३.९० | १,४६०,००० | १,२५३,९२९ | ८५.८९ | ३.०४ | ६२४,००० | ३१५,६४३ | ५०.५८ |
| | श्रम तथा रोजगारी | १८.५२ | ६,९२५,००० | ६,५८३,३४६ | ९५.०७ | ४३.४९ | ८,९२६,००० | १,४९५,५३५ | १६.७५ |
| | वित्तीय सुशासन | १.७४ | ६५०,००० | - | ०.०० | ४.८७ | १,०००,००० | ६६५,३३० | ६६.५३ |
| **ङ** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१००** | **११७,२९०,०००** | **१०४,७९१,२०७** | **८९.३४** | **१००** | **१०७,३५०,०००** | **५३,५८७,०७४** | **४९.९२** |
| | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०० | ११७,२९०,००० | १०४,७९१,२०७ | ८९.३४ | १०० | १०७,३५०,००० | ५३,५८७,०७४ | ४९.९२ |
| | | | | | | | | | |
| | **जम्मा** | | **६९३,५३८,०००** | **५६५,२५८,६९६** | **८१.५०** | | **५४९,५२४,३२६** | **२२६,४७८,४१८** | **४१.२१** |

स्रोत: मायादेवी गाउँपालिका कार्यालय


*चित्र १६ : गत आ. व को क्षेत्रगत वास्तविक खर्चको विवरण*

आव २०७९/८० को क्षेत्रगत वास्तविक खर्चको विवरण




*चित्र १७ : चालु आ. व को क्षेत्रगत वास्तविक खर्चको विवरण*

आव २०८०/८१ को जेठ ६ गते सम्मको क्षेत्रगत वास्तविक खर्चको विवरण



# परिच्छेद चार : आर्थिक विकास

## स्थानीय सडक विकासको अवस्था

सडक तथा यातायातलाई पूर्वाधार विकासको मुख्य र महत्वपूर्ण सूचक मानिन्छ । भैरहवा लुम्बिनी तौलिहवा सडकसँग यो गाउँपालिका जोडिएको छ। गौतम बुद्धको जन्म क्षेत्र भएको हुँदा मुल सडकको अवस्था राम्रो रहेको छ । तराईको समथल भुभाग भएकोले पालिका भित्रका सबै वडाहरुमा सडक संजाल पुगेको छ। गाउँपालिकामा करिब ६० प्रतिशत घरधुरी पक्कि सडकको, २० प्रतिशत ग्रावेल र २० प्रतिशत कच्ची सडकको पहुँचमा छन्। पालिकाको पछिल्लो तथ्यांक अनुसार ११८ कि.मी कालोपत्रे सडक, ग्राभेल सडक १११ कि.मी र कच्चि सडक ९२ कि.मी रहेको छ। यस गाउँपालिका क्षेत्र भित्र सडक छेउमा घर बनाउने घरधुरीको संख्या ९० प्रतिशत रहेको छ। पालिका भित्रका अधिकांश मुख्य सडकहरु कालोपत्रे छन् भने भित्री सडकहरु विस्तार तथा स्तरोन्नती तीव्र रुपमा भइरहेको छ । पालिका भित्रका सहायक सडकहरु कच्चि अवस्थामा रहेका हुनाले यस्ता सडकहरुमा बर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने हुँदा तथा हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरु देखिएका कारण यस्ता भित्री सडकहरु पनि धमाधम ग्राभेल तथा स्तरोन्नतीका काम भइरहेका छन् ।

महजिदिया सुर्यपुरा सडक, अहरौली पचविरुवा सडक, कचकचाहघाट लुम्बिनी सडक, तिलौरी सुक्रौली बेथरी सडक, बेथरी निभियागाउँ सडक,तौलिहवा सडक, झुलनीपुर वनकसिया सडक, सुण्डी वनकसिया हुलाकी सडक, मोतिपुर ५ नं सडक, तौलिहवा सडक, मर्चावार सडक, गोनाह सिम्राना सडक, मोतिपुर लोक्थावा सडक, सिम्राना लोक्थावा सडक, तौलिहवा सडक, बनगाई मर्चावार सडक, वडा कार्यालय खनुवा सडक, मकरी पर्साहवा सडक, तौलिहवा सडक, मर्चावार सडक, बनगाई विश्वकर्मामन्दिर सडक, तौलिहवा सडक, बसहिलवा बाउन्नकोटी देवीगाउँ सडक गाउँपालिकाका प्रमुख सडक सञ्जाल हुन ।

पालिकामा दैनिकरुपमा बस, मिनिबस, माइक्रोबस, टेम्पो, भेन, जिप, जस्ता सार्वजनिक यातायातका साधनहरु पालिकाभित्र तथा बाहिर विभिन्न रुटमा सञ्चालनमा आइरहेका छन् । व्यवस्थित वसपार्क नहुँदा यातायात व्यवस्थापनमा समस्या रहेको देखिन्छ। भैरवा बजार नजिकै हुँदा प्राय लामो दुरीका यात्रुवाहक बसहरुका टिकट काउन्टर भैरवामा नै हुने गरेको छ। पालिको आवधिको योजनामा समेत सडक पूर्वाधारको विकास र विस्तारमा जोड दिएको छ । यसको लागि पालिकाले रणनीति तथा कार्यनीतिमा समेत विभिन्न क्रियाकलापहरु समेटिएका छन् ।

**तालिका १५ : पालिकामा भएको स्थानीय सडकको अवस्था**

| सडकको प्रकार (किमी) | वडा नं. | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| **पक्की सडक** | १० | १७ | २५ | ७ | ५ | १२ | २२ | २० | ११८ |
| **ग्रावेल** | २२ | २५ | ८ | १५ | ८ | २० | ८ | ५ | १११ |
| **कच्चि** | १० | ७ | ४ | ७ | १२ | ५ | ३५ | १२ | ९२ |

स्रोतः मायादेवी गाउँपालिका कार्यालय

## सिचाईको अवस्था

यहाँ धान गहुँ, मकै मुसुरो, तोरी र तरकारी जस्ता कृषि उत्पान प्रचुर मात्रामा हुने गरेको छ । पालिकाले सिचाईको विस्तारको लागि साना सिचाई कार्यक्रम अन्तरर्गत डिप बोरिङ्ग पाइप विस्तार र कुलो निर्माण जस्ता कार्यहरु भईराखेका छन् । गाउँपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाबाट तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिँचाई गरिँदै आइरहेको छ। गाउँपालिका नीतिमा सिँचाइ प्रणालीलाइ स्तर उन्नती र वैज्ञानिक सिँचाई प्रणली (थोपा सिचाँई, फोहोरा सिँचाई) सम्वन्धी काम गरिनेछ। प्राथमिकता प्राप्ता क्षेत्रमा सतही, सौर्य, लिफ्ट, भूमिगत सिँचाई तथा नविनतम प्रविधिमा आधारित साना सिँचाइ पूर्वाधार विकासको कार्यक्रम संचालन गरिने भनि उल्लेख गरिएको छ । पालिकाले २०७९/०८० र २०८०/०८१ मा सिचाई कार्यक्रम र विनियोजित बजेट तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : पालिकाबाट सिचाई क्षेत्रमा विनियोजित रकम रू.**

| क.स | विवरण | आर्थिक वर्ष (२०७९/०८०) विनियोजित रकम हजारमा | विवरण | आर्थिक वर्ष २०७९/०८० विनियोजित रकम हजारमा |
|---|---|---|---|---|
| १. | भूमीगत सिंचाई कार्यक्रम पालिकास्तर | ३११५५ | दानव/तिनाउ नदि लिफ्टिड सिंचाई कार्यक्रम | ३११५५ |
| २. | सिंचाई र कुलो मर्मत | ३११५५ | सिंचाई कुल मर्मत | ३११५५ |
| ३ | सिक्टिहवा ताल मर्मत/व्यवस्थापन | ३११५९ | सिंचाईको लागि बोर व्यवस्थापन( वडा नं १) | ३११५५ |
| | **जम्मा रु** | **९३४६५** | **जम्मा रु** | **९३४६५** |

स्रोतः मायादेवी गाउँपालिका कार्यालय

**तालिका १७ : पालिकामा सिचाईको अवस्था**

| विवरण | एकाई | आर्थिक वर्ष २०७९/०८० सम्म उपलब्धी | आर्थिक वर्ष २०८०/०८१ चैत्र सम्मको उपलब्धी |
|---|---|---|---|
| खेतीयोग्य जमिन मध्ये १२ महिना सिंचाई पुगेको जग्गा | हेक्टर | एकिन तथ्यांक नभएको | एकिन तथ्यांक नभएका |
| निर्माण भएका सिंचाई पोखरी | संख्या | नभएको | नभएको |
| मर्मत गरिएका पुराना सिंचाई आयोजना | वटा | ३ | ३ |
| मर्मत सम्भार गरिएका कुलोको लम्वाई | किमि | ८ | ११ |
| विकास गरिएका नयाँ सिंचाई प्रणालीहरु | संख्या | | कार्य शुरु भईरहेको |
| डिप बोरिङ्ग | वटा | १४१ | एकिन तथ्यांक नभएका |

स्रोत : मयादेवी कार्यपालिका खानेपानी तथा सरसफाइ शाखा

## वित्तीय क्षेत्र : वैक तथा वित्तीय संस्थाहरू

पालिका भित्र वित्तीय क्षेत्रमा विभिन्न वाणिज्य वैक, विकास बैक, फाइनान्स, लघुवित तथा सहकारीहरु पर्याप्त मात्रमा रहेका छन्। स्थानीय जनताहरु वित्तीय क्षेत्रमा सहज केहि मात्रमा पहुँच भएको देखिन्छ। प्राय मानिसहरु वित्तीय क्षेत्रबाट नै आर्थिक क्रियाकलापहरु सञ्चालन गर्ने गरेका छन्। गाँउपालिकामा रहेका ४ वटा बैङ्क, १४ वटा माईको फाईनान्स  तथा विमा र सहकारी संस्थाहरु रहेका छन्।

दीगो विकास लक्ष्य २ र ८ का साथै राष्ट्रिय र प्रादेशिक लक्ष्यले स्थानीय तहको सहकार्यमा युवाहरुले संचालन गर्ने आधुनिक र व्यवसायिक कृषि कार्यहरुको लागि शौक्षिक प्रमाणपत्र तथा परियोजना धितोमा कर्जा प्रवाह गर्न सम्बन्धित स्थानीय तह जमानत बस्ने व्यवस्था, वित्तीय पहुँच कम भएका क्षेत्रमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी वित्तीय संस्थाहरुका शाखाहरु खोल्न प्रोत्साहन, महिलाहरुलाई बैंक खाता खोल्न प्रोत्साहन, ग्रामिण क्षेत्रमा संचालनमा रहेका सहकारीहरुलाई बचत परिचालन तथा ऋण प्रवाहमा सहयोग जस्ता पक्षहरुलाई प्राथमिकता दिएको छ।

तालिका १८ : आ व पुष मसान्तसम्म सहकारीको बचत तथा ऋण परिचालनको अवस्था

| क.स | विवरण | संख्या नगर | संख्या प्रदेश | संख्या संघ | कुल |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

स्रोत : पालिका सहकारी शाखा

## उद्योग

यस गाउँपालिकामा देशका नै ठूला ठूला उद्योगहरु रहेका छन् । पालिकाको वडा नं. ३ मा कैलाश सिमेन्ट, सिद्धार्थ सिमेन्ट, जगदम्बा स्पिनिङ मिल्स, जयश्री फ्लोउर मिल्स, सिद्धार्थ रेफाइनरी, रिलायन्स पेपर मिल्स, वडा नं. ४ मा हिमालय स्न्याक्स एण्ड नुडल्स, रिलायन्स सिमेन्ट, सि जि फ्याक्ट्री, वडा नं. ५ मा गोयन्का स्टिलस्, गोयन्का सिमेन्ट, जगदम्बा सिमेन्ट, ब्रिज सिमेन्ट, र वडा नं. ६ मा अग्नी सिमेन्ट, अम्बे स्टिलस्, सिद्धार्थ फ्लोउर एण्डआयल मिल्स, सिद्धार्थ सिमेन्ट उद्योग रहेका छन् । यस वाहेका पालिका मझौला तथा साना उद्योगहरु पनि छन् । उद्योगको दृष्टिले यो पालिका धेरै नै अगाडि छ ।

पालिकामा विभिन्न प्रकार घरेलु तथा साना उद्योगहरु पनि सञ्चालन रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १९ : ठूला तथा मझौला र साना घरेलु उद्योग संख्या

| क.स | नाम प्रकार | संख्या |
|---|---|---|
| १. | ठूलो उद्योग | १८ |
| २. | साना र मझौला उद्योग | ९६ |
| ३. | स्थानीय सीप तथा स्रोतमा आधारित उद्योग व्यवसाय | ६३० |

स्रोत : पालिकाको आवाधिक योजना

उद्योग क्षेत्रमा करिव प्रति वडा सरदर २० जनाले रोजगारि पाएका छन । सामान्य ग्रिल उद्योग, स: मिल, कुटानी पिसानी मिल, फर्निचर लगाएत उद्योग सवै वडामा भएतापनि वडा नं. ४, ६ र ७ मा ईटा उद्योग र वडा नं.३ मा काँटी उद्योग, वडा नं.८ मा सिसा, मैदा, प्याकेजिङ्ग र भाँडा उद्योग रहेको छन् ।

त्यसैगरी व्यवसाय तर्फ सरदर ६०० देखि ६३० सम्म विभिन्न प्रकृतिका व्यवसायहरु गाउँपालिकामा सञ्चालनमा छन । किराना पसल, फेन्सी पसल, सामान्य खाजाघर, कपडा पसल, पेट्रोल पम्प, मेडिकल, एग्रोभेट आदि गाउँपालिकामा हुने मुख्य व्यवसाय हुन ।

**तालिका २० : वडातहमा साना व्यवसाय गर्नेको विवरण**

| क.स | वडा नं | व्यवसाय गर्ने घरधुरीको प्रतिशत |
|---|---|---|
| १. | १ | ५.३६ |
| २. | २ | २.५९ |
| ३. | ३ | ११.२७ |
| ४. | ४ | ९.३३ |
| ५. | ५ | ८.५७ |
| ६. | ६ | ९.९ |
| ७. | ७ | ११.५८ |
| ८. | ८ | २३.३८ |

स्रोत : पालिकाको आवधिक योजना

## सिप विकास सम्बन्धी

पालिकाले स्थानीय जनताको रोजगारीमा वृद्धि गरी आर्थिक अवस्थामा सुधार गर्नको लागि विभिन्न किसिमका सिप विकासका तालिमहरु सञ्चालन गर्दै आएको छ । जसले स्थानीय जनताहरु आर्थिक गतिविधिहरु समेत सक्रियता बढाएको छ ।

## श्रम तथा रोजगार सम्बन्धी विवरण

मायादेवी गाउँपालिकाबाट करीव ५००० युवा वैदेशिक रोजगारीका लागि भारत, खाडी मुलुक तथा मलेशिया तर्फ वैदेशिक रोजगारीका लागि गएको देखिन्छ । वैदेशिक रोजगारीमा जाने मध्ये अधिकांश पुरुष छन भने महिला पनि नगन्य मात्रामा गएको देखिन्छ । वैदेशिक रोजगारीमा सवैभन्दा वढी वडा नं. १, २, ४, ६ र ७ का युवा गएको देखिन्छ । जसमध्ये भारत जानेको संख्या सरदर २० देखि २५


प्रतिशत रहेको छ । शैक्षिक, व्यापारिक तथा औद्योगिक क्षेत्र गाउँपालिकाका प्रमुख रोजगार प्रदान गर्ने क्षेत्रहरु हुन । अधिकांश घरधुरी कृषि क्षेत्रमा आवद्ध भएपनि यो क्षेत्रले भरपर्दो रोजगारी दिन सकेको देखिदैन । लैङ्गिक हिसाबले शैक्षिक र व्यापारिक क्षेत्रमा महिलाको उपस्थिति पुरुषको अनुपातमा लगभग १० देखि १५ प्रतिशत देखिए पनि औद्योगिक क्षेत्रमा महिलाको रोजगारीको अवस्था नगन्य छ ।

वैदेशिक रोजगारीलाई सुरक्षित वनाउन गाउँपालिकाले देहायका कार्यहरु गरेको थियो :


- विभिन्न रोजगारी तालिम सन्चालन,
- युवा रोजगारीलाई लक्षित गरी मोबाईल मर्मत, विद्युत्त वायरिङ्ग लगायतका तालिम प्रदान,
- महिलाहरुलाई लक्षित गरी सिलाई कटाई तालिम सन्चालन,
- विभिन्न रोजगार जनचेतना कार्यक्रम सन्चालन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकको रोजगारको वस्तुस्थिति निम्न अनुसार रहेको छ ।

*चित्र १८ : १० वर्ष र सो भन्दा माथिका व्यक्तिले १२ महिना सम्म काम गरेको अवधि अनुसारको जनसंख्या*



*चित्र १९ : रोजगारीको अवसर अनुसारको जनसंख्या*





*तालिका २१ : आर्थिक क्रियाकलापको पेशा अनुसार जनसंख्या*

| आर्थिक क्रियाकलापको पेशा अनुसार जनसंख्या | कुल | पुरुष | महिला | |
|---|---|---|---|---|
| सशस्त्र वल | ०.१ | ०.१ | ०.०२ | |
| व्यवस्थापक | ३.४ | ४.७ | १.७ | |
| पेशाविद्हरु | २.१ | २.६ | १.६ | |
| प्राविधक तथा सहायक पेशाविद्हरु | ०.९ | १.३ | ०.५ | |
| कार्यालय सहायकहरु | ०.४ | ०.५ | ०.२ | |
| सेवा तथा वस्तु विकी गर्ने कामदारहरु | ३.९ | ५ | २.५ | |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ५४.३ | ४८.१ | ६२.६ | |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापर गर्ने कामदारहरु | ६.२ | ९.८ | १.३ | |
| कारखाना तथा यन्ध प्रचालक र जडान गर्ने कामदारहरु | ४.६ | ७.८ | ०.३ | |
| सामानन्य वा प्राथमिक पेशाका कामदारहरु | २३.९. | २०.१ | २९.१ | |

*चित्र २० : संस्थागत क्षेत्रमा अनुसार रोजगारीको जनसंख्या*

१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मूख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनसंख्या




पालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व को चैत्र मसान्त ६२० जना रहेका छन् । वेरोजगार सूचिकरणको लागि निवेदन संकलनको कार्य भई रहेको छ ।

*तालिका २२ : रोजगारीको अवस्था*

| सूचकहरु | एकाइ | ०७९/०८०सम्मको उपलब्धी | ०८०/०८१ सम्मको उपलब्धी |
|---|---|---|---|
| सूचिकृत बेरोगारहरुको कुल संख्या | | ५४६ | ६२० |
| सूचिकृत बेरोगारहरुको महिला संख्या | | २७१ | ३२८ |
| सिर्जित रोजगारी कुल दिन | | ७१९६ दिन ( ७४ जना सलग्न भएका | ७४ जना |
| बेरोजगार सम्बन्धी अध्यावधिक प्रोफाईल | संख्या | छैन | छैन |
| वैदेशिक रोजगारबाट फर्केकाहरु मध्ये स्वरोजगार वा रोजगारी सिर्जनमा लाग्नेहरु | संख्या | जानकारी प्राप्त नभएको | |

स्रोत : मायादेवी गाउँपालिका रोजगार शाखा

## व्यवसाय दर्ता विवरण

यस गाउँपालिकामा विभिन्न प्रकारका व्यवसायहरु सञ्चालनमा रहेका छन । व्यवसायको प्रकृति अनुसार निम्नानुसार विभाजन र तिनको संख्या गत आ व र चालु आ व का आधारमा तल प्रस्तुत गरिएको छ ।

**तालिका २३ : व्यवसाय दर्ता विवरण**

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| १. | श्री बनैलिया होम डेकोर सप्लायर्स, खुद्रा | दर्ता | | वडा नं ७ |
| २. | तारा ट्रेडिङ, खुद्र | दर्ता | | वडा नं ७ |
| ३. | कृष इलेक्ट्रीक एण्ड मोबाइल रिपेयरिङ्ग सेन्टर खुद्रा | दर्ता | | वडा नं ७ |
| ४. | महेन्द्र रेष्टुरेन्ट खुद्रा | दर्ता | | वडा नं ७ |
| ५. | गुडु किराना एण्ड सप्लायर्स खुद्रा | दर्ता | | वडा नं ७ |
| ६. | बालाजी स्टेशनरी एण्ड सप्लायर्स खुद्रा | दर्ता | | वडा नं ७ |
| ७. | आकास च्याउ फर्म खुद्रा | दर्ता | | वडा नं ७ |
| ८. | ज्ञानमती सेलर था पेलानी उद्योग खुद्रा | दर्ता | | वडा नं ७ |
| ९. | सन्दिप टायर पसल, खुद्रा | | दर्ता | वडा नं ७ |
| १०. | राधा कृष्ण रिपेरिङ्ग एण्ड ट्रेडिङ पसल, खुद्रा | | दर्ता | वडा नं ७ |
| ११. | जय माँ बैष्णो ट्रेडर्स, खुद्रा | | दर्ता | वडा नं ७ |
| १२. | अमन मिष्डान भण्डार, खुद्रा | दर्ता | | वडा नं ६ |
| १३. | राम दाश बोरिङ्ग जडान सेवा, बोरिङ्ग जडान | दर्ता | | वडा नं ६ |
| १४. | महेन्द्र फर्निचर उद्योग, खुद्रा | दर्ता | | वडा नं ६ |
| १५. | विशाल मिष्ठान भण्डार, खुद्रा | दर्ता | | वडा नं ६ |
| १६. | सहबाज मोटर साइकल वर्कसप, खुद्रा | दर्ता | | वडा नं ६ |
| १७. | टेक्नोस कम्प्यूटर सेवा | दर्ता | | वडा नं ६ |
| १८. | आदर्श निर्मा सेवा एण्ड सप्लायर्स प्रा.लि | दर्ता | | वडा नं ६ |

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| १९. | चौधरी रेष्टुरेन्ट एण्ड किराना पसला | दर्ता | | वडा नं ६ |
| २०. | विशाल पेट्रोलियम सप्लायर्स | दर्ता | | वडा नं ६ |
| २१. | कृष्ण किराना तथा पान पसल | दर्ता | | वडा नं ६ |
| २२. | मोवाईल किङ्ग तथा ढाका पसल | दर्ता | | वडा नं ६ |
| २३. | आयु विविध स्टोर | दर्ता | | वडा नं ६ |
| २४. | किसन जनरल स्टोर | दर्ता | | वडा नं ६ |
| २५. | स्मार्ट एण्ड सौरभी किराना पसल | दर्ता | | वडा नं ६ |
| २६. | सुर्य ट्रेडर्स एण्ड कोल्ड स्टोर | | दर्ता | वडा नं ६ |
| २७. | मोहम्मद सहिल मासु पसल | | दर्ता | वडा नं ६ |
| २८. | नेरुढे लघुवित्तीय संस्था लिमिटेड | | दर्ता | वडा नं ६ |
| २९. | वेस्ट मोर्डन टेलर्स | | दर्ता | वडा नं ६ |
| ३०. | श्रीराम मसला उद्योग | | दर्ता | वडा नं ६ |
| ३१. | सगरमाथा रेष्टुरेन्ट | | दर्ता | वडा नं ६ |
| ३२. | सिंह ब्रदर्स गल्ला भण्डार | | दर्ता | वडा नं ६ |
| ३३. | एन एस रोयल कटेज | | दर्ता | वडा नं ६ |
| ३४. | इन्द्र कुमारी सिलाई कटाई पसल | दर्ता | | वडा नं १ |
| ३५. | विशाल इन्टरनेशल ट्रेडिङ्ग सेन्टर | दर्ता | | वडा नं १ |
| ३६. | राज कस्मेटिक तथा फेन्सी पसल | दर्ता | | वडा नं १ |
| ३७. | समिर अटो वर्कसप | दर्ता | | वडा नं १ |
| ३८. | वैभव प्राथामिक उपचार | दर्ता | | वडा नं १ |
| ३९. | लक्ष्मि तरकारी तथा फलफूल पसल | | दर्ता | वडा नं १ |
| ४०. | सरस्वती किराना पसल | | दर्ता | वडा नं १ |
| ४१. | सुनिता किराना एण्ड गल्ला भण्डार | | दर्ता | वडा नं १ |
| ४२. | बुद्धिमान इलेक्ट्रिक वर्कसप एण्ड सेल्स सेन्टर | | दर्ता | वडा नं १ |
| ४३. | जया माँ दुर्गे एग्रो सेन्टर | | दर्ता | वडा नं १ |

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| ४४. | जितेन्द्र फेन्सी पसल | दर्ता | | वडा नं २ |
| ४५. | गुप्ता मिडिया एण्ड एडभटाईजिङ्ग प्रा.ली | दर्ता | | वडा नं २ |
| ४६. | श्री आर्यन किराना तथा गल्ला भण्डार | दर्ता | | वडा नं २ |
| ४७. | राहुले रेष्टुरेन्ट | दर्ता | | वडा नं २ |
| ४८. | श्री सपना कपडा फेन्सी तथा भाडा पसल | दर्ता | | वडा नं २ |
| ४९. | आर के हेल्थ क्लिनिक | दर्ता | | वडा नं २ |
| ५०. | श्री राहिला हेल्थ क्लिनिक सेन्टर | दर्ता | | वडा नं २ |
| ५१. | मौर्य मिष्ठान भण्डार | | दर्ता | वडा नं २ |
| ५२. | मायादेवी एग्रो भेट सेन्टर | | दर्ता | वडा नं २ |
| ५३. | अनिसा सप्लायर्स | | दर्ता | वडा नं २ |
| ५४. | अर्जुन मोटरसाइकल वर्कसप | | दर्ता | वडा नं २ |
| ५५. | शम्भु नारायण रेष्टुरेन्ट | | दर्ता | वडा नं २ |
| ५६. | दुर्गा राइस मिल | | दर्ता | वडा नं २ |
| ५७. | उषा जनरल स्टोर | दर्ता | | वडा नं ५ |
| ५८. | न्यू दुर्गा कोड स्टोर | दर्ता | | वडा नं ५ |
| ५९. | ए.बी.एस ट्रेडर्स | दर्ता | | वडा नं ५ |
| ६०. | अन्जनी इन्टरप्राइजेज | दर्ता | | वडा नं ५ |
| ६१ | प्रिन्स फर्निचर उद्योग | दर्ता | | वडा नं ५ |
| ६२. | आर्दश सप्लायर्स | दर्ता | | वडा नं ५ |
| ६३. | इशेन्द्र सप्लायर्स | दर्ता | | वडा नं ५ |
| ६४. | लुम्बिनी भिलेज रिसोर्ट एण्ड एग्रो फार्म प्रा.ली | दर्ता | | वडा नं ५ |
| ६५. | सहानी लेखापढी | दर्ता | | वडा नं ५ |
| ६६. | आर्यन किराना पसल | दर्ता | | वडा नं ५ |
| ६७. | जैसवाल रेष्टुरेन्ट | दर्ता | | वडा नं ५ |

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| ६८. | राम जानकी सटरिङ्ग | दर्ता | | वडा नं ५ |
| ६९. | जगदम्बा सेन्थेटिक्स प्रा.ली | दर्ता | | वडा नं ५ |
| ७०. | गोल्डेन एजुकेशनल कम्यूटर इन्टिटयूट | दर्ता | | वडा नं ५ |
| ७१. | प्रेम शंकर खुद्रा किराना पसल | | दर्ता | वडा नं ५ |
| ७२. | बैधनाथ चिया नास्ता पसल | | दर्ता | वडा नं ५ |
| ७३. | टाटा ईटा उद्योग | दर्ता | | वडा नं ४ |
| ७४. | ट्रिपल आर रेष्टुरेन्ट | दर्ता | | वडा नं ४ |
| ७५. | गिरिजा शंकर मेडिकल हल | दर्ता | | वडा नं ४ |
| ७६. | प्रेम टेष्ट हाउस | दर्ता | | वडा नं ४ |
| ७७. | पि.एस.एन सटरिङ् सेन्टर | दर्ता | | वडा नं ४ |
| ७८. | रिया मोटरसाइकल वर्कसप | दर्ता | | वडा नं ४ |
| ७९. | महावीर एग्रो प्रोडक्टर प्रा.ली | दर्ता | | वडा नं ४ |
| ८०. | शिव मोबाइल स्टोर | दर्ता | | वडा नं ४ |
| ८१. | सौर्य खाद्य मसला तथा प्याकेजिङ्ग उद्योग | दर्ता | | वडा नं ४ |
| ८२. | ममता ट्रेड हाउस | दर्ता | | वडा नं ४ |
| ८३. | बुद्ध मोटरसाइकल पार्टस | दर्ता | | वडा नं ४ |
| ८४. | गोपाल मिष्ठान्न भण्डार | दर्ता | | वडा नं ४ |
| ८५. | गौरीशैंकर कृषि तथा पशुपालन फर्म | दर्ता | | वडा नं ४ |
| ८६. | अन्नु ग्यास एण्ड गल्ला सप्लायर्स | दर्ता | | वडा नं ४ |
| ८७. | फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था | दर्ता | | वडा नं ४ |
| ८८. | सि.के इलेक्ट्रिकल तथा प्लाष्टिक स्टोर | दर्ता | | वडा नं ४ |
| ८९. | लुम्बिनी वेकरी उद्योग | | दर्ता | वडा नं ४ |
| ९०. | यादव किराना पसल एण्ड जनरल स्टोर | | दर्ता | वडा नं ४ |
| ९१. | न्यू वरई फेन्सी तथा कस्मेटिक स्टोर | | दर्ता | वडा नं ४ |

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| ९२. | जगदम्बा टेलर्स तथा कपडा पसल | | दर्ता | वडा नं ४ |
| ९३. | आर.एन फेन्सी पसल | | दर्ता | वडा नं ४ |
| ९४. | रवि कुमार टेन्ट हाउस | | दर्ता | वडा नं ४ |
| ९५. | राजेश पासवान ग्रिल उद्योग | | दर्ता | वडा नं ४ |
| ९६. | जानवी पिसानी पउलानी उद्योग | | दर्ता | वडा नं ४ |
| ९७. | महाकाल भुस सप्लायर्स | दर्ता | | वडा नं ३ |
| ९८. | चौधरी नास्ता पसल | दर्ता | | वडा नं ३ |
| ९९. | खुशी फेन्सी एण्ड श्रृंगार | दर्ता | | वडा नं ३ |
| १००. | एस.के मोवाइल रिपेयरिङ्ग सेन्टर | दर्ता | | वडा नं ३ |
| १०१. | सूर्य किराना तथा मदिरा पसल | दर्ता | | वडा नं ३ |
| १०२. | धिरज पोलिक्लनिक प्रा.ली | | दर्ता | वडा नं ३ |
| १०३. | ड्रमस्टिक एग्रिकल्चर डेभलपमेन्ट कम्पनी प्रा.लि. | | दर्ता | वडा नं ३ |
| १०४. | राज रिकन्डिसन | | दर्ता | वडा नं ३ |
| १०५. | पुजा मोबाइल सेन्टर | | दर्ता | वडा नं ३ |
| १०६. | न्यू माधुरी किराना पसल | | दर्ता | वडा नं ३ |
| १०७. | सोनु गल्ला भण्डार | | दर्ता | वडा नं ३ |
| १०८. | सपना कपडा घुम्ति पसल | | दर्ता | वडा नं ३ |
| १०९. | जय माँ दुर्गे मोटर साइकल सेन्टर | | दर्ता | वडा नं ३ |
| ११०. | रामु इभेन्ट एण्ड सप्लायर्स | | दर्ता | वडा नं ३ |
| १११. | भैरवा यु.पि.भि.सी एण्ड आल्मुनियम सप्लायर्स | दर्ता | | वडा नं ८ |
| ११२. | ए टु जेड वर्कसप | दर्ता | | वडा नं ८ |
| ११३. | रियान्स प्याथोलोजी | दर्ता | | वडा नं ८ |
| ११४. | आरब इन्टर प्राइजेज | दर्ता | | वडा नं ८ |
| ११५. | शैलेश खाजा घर | दर्ता | | वडा नं ८ |

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| ११६. | श्री होटल शुभ एण्ड थकाली किचन प्रा.लि | दर्ता | | वडा नं ८ |
| ११७. | काभेरी एग्रो सीड प्रा.लि. | दर्ता | | वडा नं ८ |
| ११८. | न्यू जानकी हार्डवयर एण्ड स्क्राप | दर्ता | | वडा नं ८ |
| ११९. | अमृता सप्लायर्स | दर्ता | | वडा नं ८ |
| १२०. | बसिम अटो वर्कसप | दर्ता | | वडा नं ८ |
| १२१. | श्री जि फुड्स प्रा.लि. | दर्ता | | वडा नं ८ |
| १२२. | जेरा सिड प्रा.लि. | दर्ता | | वडा नं ८ |
| १२३. | रेहान चिया नास्ता पसल | दर्ता | | वडा नं ८ |
| १२४. | बोलबम स्केप सेन्टर | दर्ता | | वडा नं ८ |
| १२५. | रिदम खाद्यन्न किराना पसल | दर्ता | | वडा नं ८ |
| १२६. | खनाल ईलेक्ट्रनिक मर्मत केन्द्र | दर्ता | | वडा नं ८ |
| १२७. | चौधरी आर्ट | दर्ता | | वडा नं ८ |
| १२८. | जैसवाल होटल एण्ड रेष्टुरेन्ट | दर्ता | | वडा नं ८ |
| १२९. | जय महालक्ष्मी स्ट्रक्चर एण्ड इन्जिनियर वर्कसप | दर्ता | | वडा नं ८ |
| १३०. | ओम शान्ति हार्डवयर एण्ड सप्लायर्स | दर्ता | | वडा नं ८ |
| १३१. | रेशुङ्गा होटल एण्ड लज | दर्ता | | वडा नं ८ |
| १३२. | माँ शारदा प्लास्टिक एण्ड स्कप सप्लायर्स | दर्ता | | वडा नं ८ |
| १३३. | एन्जल किराना पसल | दर्ता | | वडा नं ८ |
| १३४. | कुवँर रेष्टुरेन्ट | | दर्ता | वडा नं ८ |
| १३५. | सौरभ एण्ड सन्ध्या होटल | | दर्ता | वडा नं ८ |
| १३६. | एम.के स्कप सप्लायर्स | | दर्ता | वडा नं ८ |
| १३७. | जि.सी रेष्टुरेन्ट | | दर्ता | वडा नं ८ |
| १३८. | गौरी कस्मेटिक पसल | | दर्ता | वडा नं ८ |
| १३९. | थापा खाजा नास्ता | | दर्ता | वडा नं ८ |

| क.स | नाम प्रकार | आ.व २०७९/०८० | चालु आ.व२०८०/०८१ चैत्र मसान्त सम्म | कैफियत |
|---|---|---|---|---|
| १४०. | आर.वि मःमः प्रोडक्सन एण्ड प्याकेजिङ्ग |  | दर्ता | वडा नं ८ |
| १४१. | जय परेमश्वर प्याकेजिङ्ग उद्योग |  | दर्ता | वडा नं ८ |
| १४२. | नदिम फ्रेस हाउस |  | दर्ता | वडा नं ८ |
| १४३. | अनिल अटो वर्कसप |  | दर्ता | वडा नं ८ |
| १४४. | कौशिला बागलुङ्ग सुनचादी पसल |  | दर्ता | वडा नं ८ |
| १४५. | लाहुरे किराना पसल |  | दर्ता | वडा नं ८ |
| १४६. | भण्डारी खाजा घर |  | दर्ता | वडा नं ८ |
| १४७. | सि.वि.का. रेष्टुरेन्ट एण्ड खाजा घर |  | दर्ता | वडा नं ८ |
| १४८. | उत्सव मेटल एण्ड स्क्रेप सप्लार्यस |  | दर्ता | वडा नं ८ |
| १४९. | प्रतिक्षा रेष्टुरेन्ट एण्ड खाजा घर |  | दर्ता | वडा नं ८ |
| १५०. | सरिता चिया नास्ता पसल |  | दर्ता | वडा नं ८ |
| १५१. | श्री राधे टेन्ट एण्ड सप्लायर्स |  | दर्ता | वडा नं ८ |
| १५२. | सरु किराना पसल |  | दर्ता | वडा नं ८ |
| १५३. | श्री न्यू र्तिमुर्ति अटो वर्कसप |  | दर्ता | वडा नं ८ |
| १५४. | शिवानी कपडा घुम्ति पसल |  | दर्ता | वडा नं ३ |

स्रोतः मायादेवी गाउँपालिका पञ्जिकरण शाखा

## बाणिज्य र बजार अनुगमन

स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र बजार अनुगमन समेत पर्दछ। सो अनुसार नै यस पालिकाले बजार अनुगमनको कार्यलाई अगाडि बढाउने सोचमा रहेको छ ।

## कृषि उत्पादन

मायादेवी गाउँपालिकामा तराईको उर्वरा जमिन प्रशस्त मात्रमा रहेको छ। कृषि क्षेत्र प्रशस्त सम्भावना बोकेर क्षेत्र र नजिकै भैरवा बजार समेत रहेको हुँदा बजारको पनि प्रशस्तै सम्भावना रहेको छ।

पालिकामा करिव ९० प्रतिशत घर धुरी कृषिमा आश्रित छन। अधिकांश कृषिमा रोजगारी रहेको तथ्य राष्ट्रिय जनगणना २०७८ पनि प्रष्ट पारेको छ। आधुनिक तथा व्यवसायिक रुपमा कृषि कर्म गर्ने

कृषकको संख्या नगन्य रहेको छ । यहाँ धान, गहु, मुसुरो वाली, आँप, केरा, तेलहन वाली, र तरकारी उत्पादन प्रशस्त मात्रमा हुने गरेको छ ।

पूर्णतः रासायनिक मल प्रयोग गरी उत्पादन गरिने तरकारि (कोबी, बन्दा, भन्टा, टमाटर, भिण्डी, लौका, करेला, खुर्सानी, साग, आलु, मुला, बोडी, सिमी) को मुख्य बजार भैरहवा र बुटवल हो । त्यसबाहेक तौलिहवा, दाङ, पाल्पा र काठमाडौं सम्म निर्यात हुँदै आएको छ ।

गाउँपालिकाका किसान मल र बिउका लागि भारत निर्भर छन । भारत तर्फ निर्यात हुने कृषि उत्पादन शुन्य रहेको यस गाउँपालिकामा भारत बाट आलु, प्याज, लसुन, तेल, चिनी लगाएतका बस्तुहरु आयात हुन्छ । त्यसै गरी स्याउ, अनार, अङ्गुर, सुन्तला, आँप लगाएतका फलफूल पनि भारतबाट नै आयात हुन्छन । आयातित फलफूलको वाहुल्यता ९० प्रतिशत रहेको यस क्षेत्रमा उत्पादन हुने स्थानीय फलफूल (मेवा, आँप, केरा, अम्बा, कटहर, लिची, उखु ) मध्ये केरा भैरहवा, बुटवल, तौलिहवा, दाङ, पाल्पा, काठमाडौंसम्म खपत हुने गरेको छ । वडामा सवैभन्दा धेरै सम्भावना भएको फलफूल खेती तथा व्यवसाय अर्न्तगत वडा नं. १ मा कागती, २ मा खरवुजा र अन्य वडाहरुमा केरा खेती लगायत सवै वडाहरुमा तरकारी खेतीको संभावना छ ।

पालिकाको कुल क्षेत्रफल मध्ये कृषि क्षेत्र हिस्सा ८६.५३ प्रतिशत रहेको छ । पालिकाको भूउपयोग स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २४ : मायादेवी गाउपालिकाको भूउपयोग स्थिति**

| भू-उपयोग वर्गिकरण | जम्मा क्षेत्रफल(हेक्टर) | प्रतिशत |
|---|---|---|
| कृषियोग्य | ६२.६९४२७ | ८६.५३ |
| जंगल | ०.१४३७८ | ०.२ |
| औद्योगिक | ०.४८३१८ | ०.६७ |
| बस्ती | ४.४९२८१ | ५.७९ |
| नदि तथा ताल | २.६७४११ | ३.६९ |
| अन्य | २.२६९०६ | ३.१३ |

स्रोतः मायादेवी गाउँपालिको भूउपयोग नीति

**तालिका २५ : कृषि सम्बन्धी विभिन्न सूचकको प्रगतीको अवस्था**

| सूचकहरु | एकाइ | २०७८/०७९ सम्मको बास्तविक उपलब्धी | २०८०/०८१ चैत्र सम्मको बास्तविक उपलब्धी |
|---|---|---|---|
| कृषिमा आधुनिक यान्त्रिकरण अवलम्बन कृषक | प्रतिशत | ४५ | ६० |
| आफ्नो उत्पादनबाट बर्षभरी खान पुग्ने परिवार | प्रतिशत | जानकारी प्राप्त नभएको | |
| कृषि संकलन केन्द्र | संख्या | जानकारी प्राप्त नभएको | |
| आधुनिक कृषि प्रणालीमा दक्षता प्राप्त गरेका कृषक | प्रतिशत | १५ | २० |
| कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ६७.७ | ६६.७ |
| खाद्यान्न उत्पादन वृद्धिदर | प्रतिशत | जानकारी प्राप्त नभएको | |
| माटोको गुणस्तर परीक्षण गराउने घरधुरी | संख्या | ६० | अहिले भएको छैन |
| पकेट क्षेत्र निर्धारण | संख्या | २ | निरन्तर धान, गहुँ |
| कृषक समूहमा आवद्ध कृषक | संख्या | १८७५ | १८७५ |
| कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | ६० | ५८ |

स्रोत : कृषि शाखा, मायादेवी गाउँपालिका

## पशुपालन

मायादेवी गाउँपालिकाले पशुपालनको विकासले पनि विशेष ध्यान दिएर पशुजन्य उत्पादन वृद्धि गर्नको लागि विभिन्न कार्यक्रमहरु गरिरहेको छ । विशेष गरी भारतबाट आयातित पशुपंछी जन्य उत्पादन ८० प्रतिशत रहेकोमा त्यसलाई कम गर्नेको लागि किसानलाई प्रोत्साहन गर्न पशु विमा र खोप कार्यक्रम सञ्चालन, पशु औषधी वितरण र पशुपालनमा विभिन्न अनुदानका कार्यक्रमहरु र पशुपालनका लागि आवश्यक घाँस तथा वितरण गर्दै आएको छ ।

**तालिका २६ : कृषि उत्पादनको प्रगतिको अवस्था**

| बाली | एकाई | क्षेत्रफल (हे) | २०७८/०७९ सम्मको बास्तविक उपलब्धी | २०८०/०८१ चैत्र सम्मको बास्तविक उपलब्धी |
|---|---|---|---|---|
| खाद्यन्न | मे.टन | | | |
| दलहन | मे.टन | | | |
| तेलहन | मे.टन | | | |
| फलफूल | मे.टन | | | |
| तरकारी | मे.टन | | | |

स्रोत : कृषि शाखा, पालिका

**तालिका २७ : पालिकामा पशुपालनको सम्बन्धी विभिन्न सूचकको प्रगतिको अवस्था**

| विवरण | एकाई | २०७९/०८० सम्मको बास्तविक उपलब्धी | २०८०/०८१ लक्ष्य |
|---|---|---|---|
| सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | १०४ | १०४ |
| भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | | |
| सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | १०४ | १०४ |
| दुध उत्पादन (दैनिक हजारमा) | लिटर | १८ | २५ |
| लोकल कुखुरा (हजारमा) | संख्या | ८ | १० |
| ब्रोईलर (हजारमा) | संख्या | २५ | ३० |
| गाई भैसी फर्म | संख्या | ७८ | ८० |
| बाखा फर्म | संख्या | १६ | २० |
| कुखुरा फर्म | संख्या | २ | ४ |
| माछा पालन | कठ्ठा | १५२ | १६० |

स्रोत : मायादेवी गाउँपालिका,

**तालिका २८ : पशु फर्म सम्बन्धी विवरण**

| सूचकहरु | एकाइ | ०७९/०८० सम्मको बास्तविक उपलब्धी | ०८०/०८१ चैत्र सम्मको बास्तविक उपलब्धी |
|---|---|---|---|
| वार्षिक घाँस उत्पादन | मे.टन | | |
| गाईपालन फर्म | संख्या | | |
| बाखापालन फर्म | संख्या | | |
| भैसी फर्म | संख्या | | |
| कुखुरा फर्म | संख्या | | |
| माछा फर्म | संख्या | | |
| बगूर फर्म | संख्या | | |
| फ्रेस हाउस | संख्या | | |

स्रोत : पशुसेवा शाखा

## बजार केन्द्रहरू

सडकको राम्रो पहुँच भएको हुदा पालिकाका मुख्य सडकको छेउमा साना ठूला बजारहरु रहेका छन् । अहरहौली, सुर्यपुरा, भैरहवा, छपिया, सुर्यपुरा, सुकौली, मोतीपुर, बेथरी, सुण्डी, झुलनीपुर, मोतीपुरसुण्डी, झुलनीपुर, बनगाई गाउँपालिकाका मुख्य स्थानीय वजारहरु हुन ।

**तालिका २९ : वडागत रूपमा बजार केन्द्रको विवरण**

| क.स | वडा नं | बजार केन्द्रको नाम | आर्थिक गतिविधी |
|---|---|---|---|
| १. | १ | बजार केन्द्र नरहेको | सामान्य आर्थिक गतिविधि |
| २. | २ | बजार केन्द्र नरहेको | सामान्य आर्थिक गतिविधि |
| ३. | ३ | सुकोली | सामान्य किराना पसल, कपडा पसलहरु, खाजा नास्ता लगायत अन्य पसलहरु । आर्थिक गतिविधिहरु हुने गरेको । |

| क.स | वडा नं | बजार केन्द्रको नाम | आर्थिक गतिविधी |
|---|---|---|---|
| ४. | ४ | खुन्डी | किराना पसल, मोटरसाइकल वर्कसप, रेष्टुरेन्ट, मेडिकल,टेन्ट हाउस, मोबाइल पसल आर्थिक गतिविधि प्रयाप्त हुने गरेको |
| ५. | ५ | गोनाहा | किराना पसल, मोटरसाइकल वर्कसप, रेष्टुरेन्ट, मेडिकल,टेन्ट हाउस, मोबाइल पसल आर्थिक गतिविधि प्रयाप्त हुने गरेको । |
| ६ | ६ | वेथरी | बैक तथा वित्तीय संस्था, अस्पताल, पोली क्लनिक, किराना पसल, मोटरसाइकल वर्कसप, रेष्टुरेन्ट, टेन्ट हाउस, मोबाइल पसल, फेन्सी, फर्निचर उद्योग आर्थिक गतिविधि उच्च रहेको । |
| ७. | ७ | बनगाई | विमानस्थलको क्षेत्र भएका हुदा सामान्य बजार रहेको छ । |
| ८. | ८ | बसडिलवा | होटल, किराना पसल,वर्कसप, प्याथोलोजी,विजुली तथा मोवाईलका पसल, फेन्सी, कस्मेटिक पसल आदि रहेको र आर्थिक गतिविधि सामान्य हुने गरेको । |

स्रोत : मायादेवी गाउँपालिका प्रशासन शाखा

## पर्यटन क्षेत्रको अवस्था

पालिकामा केही पर्यटकीय क्षेत्र भएपनि त्यसको प्रसार प्रचारको अभावमा ओझेलमा परिरहेको छ । पालिकामा पर्यटन सुचना केन्द्र समेत नहुँदा पर्यटन सम्बन्धी भएका गतिविधिहरुको सुचना प्राप्त हुन कठिन छ। गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रमा वडा नं. २ मा रहेको प्राकृतिक स्थल कचकचाहघाट, वडा नं. १ मा सिक्टिहवा ताल, अहरौली र वडा नं. ८ मा रहेको मायादेवी पार्क, शान्ति वनवाटिका प्रमुख पर्यटकीय स्थल हुन् । पोखरीको संख्या उल्लेख्य रहेको यस गाउँपालिकामा पर्यटकिय संभावना बोकेका स्थलहरु सिक्टिहवा ताल, अहरौली, प्रकटेश्वर महादेव, सेम्रहना र मायादेवी पार्क, शान्ति वनवाटिका हुन् ।

गाउँपालिकाले पर्यटन क्षेत्र विकासको लागि पर्यटन प्रवर्धन र संरक्षण गर्न कोषको व्यवस्था गरिएको, वडा १ सिक्टिहवा ताललाई पालिकाको अग्रणी प्राकृतिक तथा मनोरन्जन पर्यटकिय गन्तब्यको रुपमा स्थापना गर्ने निर्णय (तारबार कार्यलाई ५,००,००० अनुदान प्रदान) जस्ता गतिविधिहरु पर्यटन क्षेत्रका लागि भएतापनि त्यो पर्याप्त भने छैन। पालिकाको आवधिक योजनामा समेत पर्यटन क्षेत्रको विकासको लागि कुनै पनि योजनाहरु समावेश नहुँदा पालिकाले पर्यटन क्षेत्रको विकासको लागि पर्यटन विकास रणनीति बनाउन आवश्यक छ ।

**तालिका ३० : स्थानीय आर्थिक विकासको सूचकको लेखाजोखा**

| क.स | सुचक | ईकाई | नेपाल | लुम्बिनी प्रदेश | मायादेवी गाउँपालिका |
|---|---|---|---|---|---|
| १. | मानव विकास सुचांक | सुचांक | ०.६०१ | | |
| २. | वार्षिक प्रतिव्यक्ति आय | अमेरिकन डलर | १४३४ | | |
| ३. | गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २०.२७ | २४.३५ | |
| ४. | कुल गार्हस्थ्य उत्पादन | | ५७ खर्ब ५ अर्ब | १४.२६ प्रतिशतको योगदान | |
| ५. | कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्यपालनको योगदान | प्रतिशत | २४.०९ | २९.६३ | |
| ६. | प्रशासनिक सहयोगी सेवाको योगदान | प्रतिशत | ४.०४ | ०.३४ | |
| ७. | विद्युत क्षेत्रको योगदान | प्रतिशत | १७.४४ | २८.९३ | |
| ८. | आर्थिक वृद्धिदर | प्रतिशत | ३.८७ | ४.०५ | |

स्रोत आर्थिक सर्वेक्षण २०८०/ ८१ अर्थमन्त्रालय, राष्ट्रिय तथ्यांक कार्यालय

## उत्पादन सहकारी

वित्तीय परिचालन विकास र सेवा प्रवाहको अपरिहार्य आधारशीला हो। नेपालको संविधानले सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गरी राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नीति लिएको छ । संविधानले सहकारी संस्थालाई स्थानीयतहको अधिकार सूचीमा राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले सहकारी सम्वन्धी नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन गर्ने, आफ्नो क्षेत्रभित्र सहकारीको दर्ता अनुमति, खारेजी र परिचालन, सहकारी संस्थाको क्षमता विकास, ऋण तथा सहकारी संस्थाको मापदण्ड निर्धारण र नियमन लगायत सहकारीताको प्रवर्द्धन सम्वन्धी महत्वपूर्ण अधिकार दिएको छ ।

हाल गाउँपालिकामा उत्पादनमूलक सहकारी अन्तर्गत ३० वटा कृषि सहकारी रहेका छन् ।

## आर्थिक क्षेत्रका चुनौतीहरु

ठूलो मात्रमा खेतियोग्य जमिनको खण्डीकरण हुनु, खेतीयोग्य जमिनमा सिंचाईको पर्याप्तता नहुनु, कृषि, पशुपन्छी तथा माछापालन क्षेत्रमा आधुनिकीकरण र व्यवसायीकरणमा अगाडि बढ्न नसक्नु, कृषि सहकारीहरु भएतापनि कृषि ऋणमार्फत उत्पादनमूलक लगानीका कमि हुनु, सार्वजनिक जग्गाहरुको अभिलेख र यसको बैज्ञानीक प्रयोग हुन नसक्नु, किसानहरुले समयमा नै उन्नत जातको विउ तथा कृषि मलको अभाव समय समयमा भोग्नु र उत्पादित कृषि उत्पादनको उचित मूल्य प्राप्त गर्ने नसक्नु, कृषि क्षेत्रका प्रमुख समस्या रहेका छन् । यसै गरी सिचाई क्षेत्रमा थोपा सिंचाई, प्लास्टिक पोखरीहरु प्रयोगमा कमि हुन, सिचाईको स्रोतहरु सुक्दै जानु, पालिकाको पर्यटक विकासको सोच भएतापनि पर्यटन क्षेत्रको विकासको लागि कुनै रणनीतिक योजना तर्जुमा नहुनु, पर्यटन सूचना केन्द्रको स्थापना समेत पालिकामा नहुनु, अति न्यून बजेट पर्यटन क्षेत्रको विकासमा विनियोजना हुनु, धार्मिक पर्यटन, कृषि पर्यटन जस्ता विषयहरुलाई पालिकाले आफ्नो योजनाहरुमा प्राथामिकतामा नराख्नु यसका प्रमुख समस्या रहेका छन् ।

स्थानीय स्तरमा रोजगारीको समस्याले वैदेशिक रोजगारीमा जाने प्रवृति उच्च हुनु, जसले गर्दा स्थानीय स्तरमा युवा जनशक्तिको अभाव हुदै जानु एउटा प्रमुख समस्या रहेको छ । पालिका क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त हुने आम्दानी समेत उत्पादन क्षेत्रमा प्रयोग हुनु नसक्नु, संघ, प्रदेश तथा स्थानीय तहमा समाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन हुन नसक्नु,समस्याको रुपमा रहेका छन् ।

वर्तमान समयमा सहकारी, लघुवित्त र बैकिङ्ग क्षेत्रहरु समस्यामा जुधिरहेका छन् । आर्थिक मन्दीका कारण आन्तरिक अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन । सहकारी क्षेत्र यसबाट झन समस्यामा परिरहेको छ । पालिकाबाट नियमित सहकारी क्षेत्रमा अनुगमन नहुनु, सहकारी क्षेत्रमा कति खराब ऋण छ त्यसको एकिन तथ्यांक उपलब्ध हुन सकेको छैन । ऋणीहरुले ऋण लिएतापनि त्यसको उपयोग प्रभावकारी नहुँदा वित्तीय संस्थाहरु समस्यामा परिरहेका छन् । घरजग्गामा आएको शिथिलता, उद्योग क्षेत्रको उत्पादनमा आएको ह्रास, निर्माण क्षेत्रको नकरात्मक आर्थिक वृद्धिदरले यस पालिकाका उद्योग व्यापारीहरुलाई समस्यामा पारिरहेको छ भने पालिकाको आन्तरिक स्रोतमा समेत असर पारेको छ ।

# परिच्छेद पाँचः सामाजिक विकास

समग्र गाउँपालिका विकासका विभिन्न आधारहरु मध्ये सामाजिक विकास एक महत्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकूद, खानेपानी तथा सरसफाइका क्षेत्रहरु समेटिएका छन् । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको एकल अधिकार भित्र परेका कार्यक्षेत्रमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य क्षेत्रहरु रहेका छन् । सामाजिक विकासका विषयवस्तुहरु दिगो विकासका लक्ष्यसँग पनि सम्बन्धीत रहेका छन् । लक्ष्य ३ को स्वास्थ्य र समुन्नत समाज, लक्ष्य ४ को गुणस्तरीय शिक्षा, लक्ष्य ५ को लैगिंक समानता र लक्ष्य ६ को स्वच्छ पानी र सरसफाईका क्रियाकलापहरु रहेका छन् । आर्थिक सर्वेक्षणमा समेत यि विषयवस्तुको वस्तुगत अवस्था र भएका प्रगतिहरुको विवरण समावेश गरिएको छ ।

## स्वास्थ्य सम्बन्धी आधारभूत सूचक

संघीय संरचना अनुसार आएको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवाको हक प्रदान गरेको छ । राज्यका नीतिमा स्वास्थ्य क्षेत्रमा लगानी बढाउने, सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, बैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र संवर्द्धन गर्ने, स्वास्थ्य सेवालाई गुणस्तरी बनाउने उल्लेख गरेको छ । यसले पनि राज्यले स्वास्थ्य विकासको क्षेत्रलाई महत्व दिएको र संविधानको अनुसूचीमा आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी कार्यजिम्मेवारी स्थानीय तहको अधिकार सूचीमा राखेको छ । यसलाई स्थानीय सरकार संचालन ऐनमा समेत व्याख्या गरिएको छ ।

**तालिका ३१ :स्वास्थ्य तथा पोषण क्षेत्रको विवरण**

| सूचकहरु | एकाइ | २०७९/०८० सम्मको बास्तविक उपलब्धी | २०८०/०८१ चैत्र सम्मको बास्तविक उपलब्धी |
|---|---|---|---|
| दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | २.२ | २.७ |
| पाँच वर्ष मुनिका बालबालिकामा स्वासप्रस्वास संक्रमण दर | प्रतिहजार | १३२ | १११ |

| | | | |
|---|---|---|---|
| पाँच वर्ष मुनिका बालबालिकामा न्युमोनिया संक्रमण दर | प्रतिहजार | ६ | ५ |
| पाँच वर्ष मुनिका बालबालिकामा झाडापखला संक्रमण दर | प्रतिहजार | ८७ | ६१ |
| परिवार नियोजन आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | २९ | २९ |
| प्रोटो कल अनुसार चार पटक पूर्वप्रसूती सेवा प्राप्त गर्ने महिला संख्या | प्रतिशत | ९८ | ६६ |
| सुत्केरी पछिको ४५ दिनसम्म आईरन चक्की खाने महिला संख्या | प्रतिशत | २४ | १४ |
| सुत्केरी पछिको PNC visit | प्रतिशत | ७५ | ५८ |
| घरमै सुत्केरी हुने महिला संख्या | संख्या | २२ | ५ |
| Penta भ्याक्सिनको तीन मात्रा लगाउने बच्चाहरूको संख्या | संख्या | १०५ | ६९ |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका बालबालिका संख्या | संख्या | १०३ | ६९ |
| गर्भवती महिलाले TD2nd/ TD2+ खोप लगाउनेको संख्या | संख्या | ९२ | ५९ |
| क्षयरोग संक्रमण दर | संख्या | ८७ | १२४ |
| कुष्ठरोगी | संख्या | १३ | १४ |

स्रोत : स्वास्थ्य शाखा, मायादेवी गाउँपालिका

## स्वास्थ्य संस्थाहरू

गाउँपालिकामा वडा नं ३ मा १५ वेडको हस्पिटल निर्माण क्रममा रहेको छ । पालिकाका विरामीलाई सेवा प्रदान गर्नको लागि २ वटा एम्बुलेन्सबाट व्यवस्था गरिएको छ । स्थानीय जनतालाई स्थानीय स्तरबाट स्वास्थ्य सेवा प्राप्त गरुन् भनेर प्रत्येक वडामा स्वास्थ्य चौकी रहेका छन् भने वडा नं ३ मा

वर्थिङ सेन्टर रहेको छ। पालिकामा जन्मेको नयाँ शिशु र आमाहरुलाई १००० सुनौलो दिन कार्यक्रम मार्फत १००० दिन सम्मको पोषण सामग्री वितरण गरिएको छ। पालिकाले नियमित रुपमा गाउँघर क्लिनिक तथा खोपकेन्द्र सन्चालन गरिरहेको छ । पालिकामा स्वास्थ्य क्षेत्रमा स्थायी २८ जना र करारमा १५ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

**तालिका ३२ : स्वास्थ्य संस्थाहरूको विवरण**

| क.स | विवरण | संख्या |
|---|---|---|
| १. | प्रस्तावित पालिका अस्पताल | १ |
| २. | आयुर्वेद औषधालय | १ |
| ३. | स्वास्थ्य चौकी | ४ |
| ४. | आधारभूत स्वास्थ्य एकाई | ४ |
| ५ | बरथिङ सेन्टर | १ |
| ५ | निजीतर्फ स्वास्थ्य संस्था | १ |

स्रोतः स्वास्थ्य शाखा मायादेवी गाउँपालिका


## खानेपानी र सरसफाइ

नेपालको कानूनले खानेपानी तथा सरसफाइको क्षेत्रमा नागरिकको पहुँच हुने हक प्रदान गरेको छ। स्वस्थ मानव जीवनका लागि खानेपानी र सरसफाइ अनिवार्य हुने भएकोले संघीय व्यवस्था लागू भएपछि यस सम्बन्धी अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रमा राखिएको छ। यसका साथै नेपाल सरकारले खानेपानी तथा सरसफाइ क्षेत्रलाई महत्व दिई विभिन्न रणनीति र कार्यनीति बनाई कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

गाउँपालिकाको वडा नं. १ र ८ मा दुईवटा खानेपानी आयोजना निर्माणाधिन अवस्थामा रहेका छन। हाल खानेपानीको लागि निर्माणाधिन (खानेपानी जडान उपभोक्ता समिती) निर्माणाधिन (हाती बनगाई खानेपानी आयोजना ) का आयोजना निर्माणको क्रममा छन् । खानेपानीका लागि पालिकावासीले परम्परागत प्रविधिको कलधारो प्रयोग गरेको पाईन्छ। गाउँपालिकाले फोहोर व्यवस्थापन सम्बन्धी थप प्रयासहरु गर्न आवश्यक छ। वडा ८ मा फोहोर संकलनको व्यवस्था गरिएको छ।


राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिमा खानेपानीको स्रोत र त्यसको प्रयोगको अवस्था निम्न अनुसार रहेको छ।

*चित्र २१ : खानेपानीको स्रोत अनुसारको परिवार संख्या*




यसैगरी शौचालयको प्रयोग गर्ने परिवारको अवस्था

*चित्र २२ : शौचालय प्रयोग अनुसारको परिवार संख्या*




माथिको विवरणबाट हेर्दा पनि पालिकाले सरसफाई र खानेपानीको क्षेत्रमा प्रशस्तै कार्यक्रम तर्जुमा गरीसुधार गर्नु पर्ने आवश्यकता रहेको छ ।

तालिका ३३ : खानेपानी सम्बन्धी सूचक

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको बास्तविक उपलब्धी | २०८०/०८१ चैत्र मसान्त सम्मको बास्तविक उपलब्धी |
|---|---|---|---|
| गुणस्तरीय र सर्वसुलभ खानेपानीको सुविधामा पहुँच भएको घरधुरी वा जनसंख्या | प्रतिशत | १४.३ | १७.२ |
| एक घर एक धारा अनुरुप खानेपानीका लागि धारा मार्फत नियमित सेवा पाएका घरधुरी | प्रतिशत | ११.१ | १४.७ |
| वडास्तरीय खानेपानी योजना | संख्या | २०८ ( २ टुयके) | |
| मर्मत भई नियमित पानी वितरण भएका पाईप लाईन | संख्या | | |
| सूचीकृत गरिएका पालिका भित्रका मुहान तथा स्रोतहरु | संख्या | | |
| फोहर मैला वर्गिकरण गरी व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | १५ | १८ |
| फोहर संकलन केन्द्र | संख्या | १ | १ |
| झोलुङ्गे पुल तथा ट्रस पुल | संख्या | | |
| सडक बायोइन्जिनियरिङ्ग (सडक किनारामा वृक्षरोपण) | कि.मि. | | |

स्रोत : खानेपानी तथा सरसफाई शाखा

## युवा तथा खेलकुद

स्थानीय क्षेत्रको विकासको लागि युवा वर्गको महत्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्न, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा

खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

यसै सन्दर्भमा मायादेवी गाउँपालिकाले अध्यक्ष कप क्रिकेट, राष्ट्रिय रनिङ शिल र अन्तरकर्मचारी खेलकुद आयोजना गर्दै आएको छ । क्रिकेटसँग सम्वन्धित ३ जना राष्ट्रिय खेलाडि रहेका छन् भने वडा नं ३ ३ मा गाउँ क्रिकेट स्टेडियम वडा नं. ७ मा बनगाई र गर्गटीमा खेल मैदान (व्यवस्थापन नभएको) र वडा नं. ८ मा लालीगुँरास खेल मैदान, ब्याड्मिन्टन र भलिवल कोर्टरहेको छ ।

## महिला बालबालिका र जेष्ठ नागरिक

पालिकामा रहेका सबै वर्ग वा समूहले विकासको प्रत्याभूति सुनिश्चित गर्न सकेमा मात्र विकास भएको मान्न सकिन्छ । संविधानमा लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायलाई लोककल्याणकारी राज्य व्यवस्था स्थापनाको एउटा आधारको रुपमा लिई सामाजिक र आर्थिक रुपले पिछडिएका लिङ्ग, वर्ण, वर्ग, समुदाय र क्षेत्रको नागरिकहरुको अधिकार संरक्षण गर्दै ती समूहहरुको विकास र सहभागिता बढाउन विशेष व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ। संवैधानिक व्यवस्थाले महिला र बालबालिका र जेष्ठ नागरिकको विकासका लागि सबै तहका सरकारहरुले विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**तालिका ३४ : महिला बालबालिका तथा जेष्ठ नागरिक सम्वन्धी विवरण**

| सूचक/लक्ष्य | एकाई | आ.व २०७९/८० | आ.व २०८०/८१ लक्ष्य |
|---|---|---|---|
| रोजगारीमा महिला सहभागिता | प्रतिशत | १३ | १५ |
| बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटना | संख्या | प्रा.न | ८ |
| वडास्तरीय बालसंजाल, समूह, क्लव गठन | संख्या | प्रा.न | ३ |
| क्रियाशील अपाङग क्लव | संख्या | ८ | ८ |
| व्यवसायिक सिप तथा क्षमता विकास भएका अपाङगत | संख्या | ४० | ४२ |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (कूल वार्षिक घटनाको) | प्रतिशत | १ | ० |
| राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित महिला | प्रतिशत | ३ | ५ |

| | | | |
|---|---|---|---|
| व्यवसायिक सिपमूलक तालिम प्राप्त महिला | संख्या | ४५० | ४७० |
| अपांगत परिचयपत्र | (रातो, निलो, पहेलो र सेतो ) | जानकारी प्राप्त नभएको | जानकारी प्राप्त नभएका |

स्रोत महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

## व्यक्तिगत घटना दर्ता

पालिकाले व्यक्तिगत घटना दर्ताको विवरण अध्यावधिक राख्ने गरिएको छ । जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता विषयहरु व्यक्तिगत घटना दर्तामा समावेश गरिएको छ ।

**तालिका ३५ : व्यक्तिगत घटना दर्ता अर्न्तगत जन्म र मृत्युको विवरण**

| वडा नं | गत आ.व जन्म | | जम्मा | यस आ.व को चैत्र मसान्त सम्म जन्म | | जम्मा | गत आ.व मा मृत्यु | | जम्मा | यस आ.व चैत्र मसान्त सम्म मा मृत्यु | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | |
| १. | ११७ | १२७ | २४४ | ९२ | ८९ | १८१ | २३ | ३२ | ५५ | १४ | १९ | ३३ |
| २. | १०८ | ९९ | २०७ | ६० | ६३ | १२३ | २७ | २० | ४७ | १४ | १५ | २९ |
| ३. | १४१ | १३२ | २७३ | ९३ | ९० | १८३ | ३६ | १७ | ५३ | २५ | २३ | ४८ |
| ४. | १०० | १०७ | २०७ | ५३ | ६० | ११३ | १८ | १४ | ३२ | १५ | १४ | २९ |
| ५. | १३२ | १२९ | २६१ | ६३ | ६७ | १३० | ३७ | ३१ | ६८ | २३ | १८ | ४१ |
| ६. | ९१ | १०० | १९१ | ७१ | ७९ | १५० | २९ | २३ | ५२ | २० | १७ | ३७ |
| ७. | १०४ | १०१ | २०५ | ५४ | ६० | ११४ | २० | १६ | ३६ | १४ | १३ | २७ |
| ८. | ३४ | २९ | ६३ | ३७ | २२ | ५९ | १० | १४ | २४ | १२ | १२ | २४ |
| **जम्मा** | **८२७** | **८२४** | **१६५१** | **५२३** | **५३०** | **१०५३** | **२००** | **१६७** | **३६७** | **१३७** | **१३१** | **२६८** |

**तालिका ३६ : व्यक्तिगत घटना दर्ता अर्न्तगत विवाह र सम्बन्ध विच्छेदको विवरण**

| वडा नं | विवाह (गत आर्थिक वर्ष) | विवाह ( यस आर्थिक वर्षको चैत्र मसान्तसम्म | सम्बन्ध विच्छेद ( गत आर्थिक वर्ष ) | सम्बन्ध विच्छेद -यस आर्थिक वर्षको चैत्र मसान्तसम्म ) |
|---|---|---|---|---|
| १. | ८४ | ६१ | ० | २ |
| २. | ८३ | ५८ | ० | ० |
| ३. | ९० | ४५ | २ | ० |

| | | | | |
|---|---|---|---|---|
| ४. | ५६ | ४० | २ | ३ |
| ५. | ७४ | ४७ | २ | ० |
| ६. | ६२ | ५० | १ | २ |
| ७. | ७५ | ३७ | ० | १ |
| ८. | २७ | २६ | १ | ३ |
| जम्मा | १५१ | ३६४ | ८ | ११ |

**तालिका ३७ : व्यक्तिगत घटना दर्ता अर्न्तगत बसाई सराई विवरण**

| वडा नं | गत आवमा बसाई सराई गरी आएको | | यस आवको चैत्र मसान्तसम्म बसाई सराई गरी आएको | | गत आवमा बसाई सराई गरी जाने | | यस आवको चैत्र मसान्तसम्म बसाई सराई गरी जाने | |
|---|---|---|---|---|---|---|---|---|
| | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या |
| १. | २ | २ | १ | २ | ४ | १७ | ५ | २६ |
| २. | ६ | १२ | ५ | २१ | ४ | २१ | ४ | १३ |
| ३. | ३ | ११ | ३ | ९ | ३ | १४ | २ | ११ |
| ४. | २ | १२ | ३ | १७ | २ | ५ | २ | १३ |
| ५. | ३ | १० | १ | ५ | २ | ६ | ४ | ९ |
| ६. | १८ | ३६ | ४ | १० | ५ | १६ | १ | ३ |
| ७. | १ | १ | ० | ० | ७ | १९ | १ | २ |
| ८. | ३९ | १६० | १८ | ६२ | १३ | २८ | ४ | ४ |
| **जम्मा** | **७४** | **२७४** | **३५** | **१२६** | **४०** | **१२६** | **२३** | **८१** |

स्रोत : मायादेवी गाउँपालिका, पञ्जिकरण शाखा

## राष्ट्रिय परिचयपत्र :

हालसम्म पालिकाबाट राष्ट्रिय परिचयपत्र वितरणको कार्य नभएको हुँदा यस सम्बन्धी जानकारी पालिकामा उपलब्ध रहेका छैन । राष्ट्रिय परिचयपत्र वितरण कार्य जिल्ला प्रशासन कार्यालयबाट हुदै आएको छ । कतिपय जिल्लामा राष्ट्रिय परिचयपत्र पालिका अन्तर्गत वडाहरु मार्फत वितरण हुदै आएको छ । सम्भवत आगामी आ.व देखि यस पालिकाका वडाबाट समेत वितरण हुने अपेक्षा गर्न सकिन्छ ।

## सामाजिक सुरक्षा

पालिकाले आर्थिक तथा सामाजिक रुपमले पछाडि परेका विपन्न, अशक्त र एकल महिला, अपांगता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचार आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई सामाजिक भत्ता वितरण, स्वास्थ्य सेवामा विशेष सहुलियत, राहत सामाग्री वितरण, स्वास्थ्य विमा, छात्रवृत्ति, निशुल्क लोकसेवा आयोगका पूर्व तयारी कक्षा सञ्चालन जस्ता कार्यहरु गरिरहेको छ। संविधानले नै समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनिकरण र मानव सुरक्षाको महत्वपूण साधनको रुपा रहेको नागारिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई सुनिश्चित गरेको छ।

पालिकाकाबाट गत आ.व र यस आ.व को चैत्र मसान्त सम्म सामाजिक सुरक्षा क्षेत्रमा गरिएका तुलनात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३८ :सामाजिक सुरक्षा सम्बन्धी विवरण**

| क.स | विवरण | गत आर्थिक वर्ष २०७९/८० सम्म | | | गत आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्त सम्म | | |
|---|---|---|---|---|---|---|---|
| | | कायम पुरुष संख्या | कायम महिला संख्या | जम्मा | कायम पुरुष संख्या | कायम महिला संख्या | जम्मा |
| १. | अन्य जेष्ठ नागरिक भत्ता | ११२३ | १०५८ | २१७१ | १२२० | ११२१ | २३४१ |
| २. | जेष्ठ नागरि भत्ता ( दलित) | १३९ | १०९ | २४८ | १५८ | १२९ | २८७ |
| ३. | जेष्ठ नागरिक एकल महिला | ० | २७२ | २७२ | ० | २९५ | २९५ |
| ४. | विधवा | ० | ५१४ | ५१४ | ० | ५६६ | ५६६ |
| ५. | पूर्ण अपांगता भत्ता | ४० | २६ | ६६ | ४४ | २८ | ७२ |
| ६. | अति अशक्त अपांगता भत्ता | ९० | ५६ | १४६ | ९९ | ६१ | १६० |
| ७. | दलित बालबालिका | २०८ | १९५ | ४०३ | २१० | २१८ | ४३८ |
| ८. | लोपउन्मुख जाति | ४८ | ३२ | ८० | ४८ | ३३ | ८१ |
| **जम्मा** | | **१६३८** | **२२६२** | **३९००** | **१७७१** | **२४६१** | **४२४०** |

स्रोत : मायादेवी गाउँपालिका, पञ्चिकरण शाखा

## बालमैत्री स्थानीय शासन

स्थानीय तहका संरचनामा परिवर्तन भए संगै बाल सहभागिताका संरचनाहरु समेत परिमार्जन हुने कुराको सुनिश्चित गर्न सकिन्छ। बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता

जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो । पालिकाले बालमैत्री स्थानी शासनका माध्यमबाट बाल अधिकारका सूचकहरु पुरा गर्न बालमैत्री पालिका घोषण गर्ने लक्ष्य राखेको छ ।

## टोल विकास संस्थाको विवरण

विकासका गतिविधिहरुमा स्थानीय जनताको सहभागिता र स्थानीय जनताद्धारा नै अनुगमन गर्ने उद्देश्य टोल विकास संस्थाहरु प्रत्येक वडाको टोलमा गठन गरिएको हुन्छ । योजना तर्जुमा प्रक्रियामा पनि यिनहरुको महत्वपूर्ण भूमिका हुन्छ । पालिका तथा वडा तहका कार्यक्रमहरु टोल स्तरमा सञ्चालन गर्न यिनीहरुको सहजिकरण महत्वपूर्ण हुन्छ । सोही अनुसार पालिकाले विभिन्न वडाहरुमा टोल विकास संस्थाहरु गठन गरेको छ । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ३९ : टोल विकास संस्थाको विवरण*

| क.स | वडा | टोल विकास संस्थाको नाम |
|---|---|---|
| १. | १ | दुर्गा टोल विकास संस्था |
| २. | | अहिरौला टोल विकास संस्था |
| ३. | | संस्कार टोल विकास संस्था |
| ४. | | लालीगुँरास टोल विकास संस्था |
| ५. | | श्री गणेश टोल विकास संस्था |
| ६. | | सुरवल टोल विकास संस्था |
| ७. | २ | कालिका टोल विकास संस्था |
| ८. | | हरिसिउरी टोल विकास संस्था |
| ९. | | सन्तघाट कचकचहवा टोल विकास संस्था |
| १०. | | सरस्वती टोल विकास संस्था |
| ११ | ३ | लक्ष्मी टोल विकास संस्था |
| १२. | | बरेईमाई टोल विकास संस्था |
| १३. | | शिव पार्वती टोल विकास संस्था |
| १४. | | पश्चिम बरेवा टोल विकास संस्था |
| १५. | ४ | बुद्ध टोल विकास संस्था |
| १६. | | दक्षिकाली टोल विकास संस्था |
| १७. | | जय बुद्ध टोल विकास संस्था |
| १८. | | मोतिपुर टोल विकास संस्था |

| | | |
|---|---|---|
| १९. | ५ | रामजानकी टोल विकास संस्था |
| २०. | | समयमाई टोल विकास संस्था |
| २१. | | वुडवा टोल विकास संस्था |
| २२. | | लुक्ठहवा टोल विकास संस्था |
| २३. | ६ | प्रगति टोल विकास संस्था |
| २४. | | जय अम्बे टोल विकास संस्था |
| २५. | | अनुभव टोल विकास संस्था |
| २६. | | कोटमाई टोल विकास संस्था |
| २७. | | दुर्गौलिया टोल विकास संस्था |
| २८. | | न्यू प्रगति टोल विकास संस्था |
| २९. | ७ | घटईमाई टोल विकास संस्था |
| ३०. | | रामजानकी टोल विकास संस्था |
| ३१. | | दुर्गा टोल विकास संस्था |
| ३२. | | उन्नती टोल विकास संस्था |
| ३३. | | काली भवानी टोल विकास संस्था |
| ३४. | ८ | सर्वजित चौतारी टोल विकास संस्था |
| ३५. | | बसडिलवा टोल विकास संस्था |
| ३६. | | मतकोलवा टोल विकास संस्था |
| ३७. | | उचमि टोल विकास संस्था |
| ३८. | | गुराँस संगम टोल विकास संस्था |

## शिक्षा

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो र शिक्षाको विकासले नै समग्र पालिकाको विकासलाई टेवा पुऱ्याउँछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने मौलिक हक प्रदान गरेको छ । राज्यका नीतिले शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै सक्षम प्रतिस्पर्धी र नैतिकवान बनाउने कुरा उल्लेख गरेको छ । संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारक्षेत्रमा राखेको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ ले यी अधिकारलाई विस्तृत व्याख्या गर्दै थप व्यवस्थित गरेको छ । अत पालिका स्तरमा शिक्षाको समग्र विकासको लागि यस पालिकाले स्पष्ट दिशानिर्देश लिई योजनावद्ध रुपमा अगाडी बढ्न जरुरी छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार मायादेवी गाउँपालिका साक्षरता दर ७३ प्रतिशत रहेको छ । जसमा पुरुषको साक्षरता दर ८३.८ प्रतिशत रहेको छ भने महिलाको ६२ प्रतिशत मात्र रहेको छ ।

**तालिका ४० : शैक्षिक संस्था सम्बन्धी विवरण**

| क.स | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | बाल विकास केन्द्र | ३९ | २८ | ६७ |
| २. | आधारभूत तह (१–५) सञ्चालित | ०६ | १२ | १८ |
| ३. | आधारभूत तह (१–८) सञ्चालित | ०४ | ०७ | ११ |
| ४. | माध्यमिक तह (१–१०) सञ्चालित | ०७ | ०९ | १६ |
| ५ | माध्यमिक तह (१–१२) सञ्चालित | ०३ | ० | ०३ |
| ६. | सामुदायिक शिकाई केन्द्र | ०१ | ० | ०१ |

स्रोत : मायादेवी गाउँपालिका शिक्षा शाखा

पालिकामा दरबन्दी र राहत अनुदान गरे जम्मा १७७ जना शिक्षक रहेका छन् । जस्मा बालविकास केन्द्रमा ३९, प्राथामिक तहमा १०४, निम्नमाध्यमिक तहमा १८, माध्यमिक तहमा १२, साविक उच्च माध्यमिक तहमा ४ जना रहेका छन्

***तालिका ४१ : शिक्षा सम्बन्धी विवरण***

| सूचक | इकाई | आ.व २०७९/०८० | आ.व २०८०/०८१ लक्ष्य |
|---|---|---|---|
| आधारभूत तह सम्मको उत्तिर्ण दर | प्रतिशत | ९०.०८ | ९१ |
| माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ८१.४२ | ८२ |
| खुद भर्ना दरमा लैंगिक समता सूचक | अनुपान | ०.८२ | ०.८४ |
| कक्षा ८ कक्षा छोड्ने दर | प्रतिशत | ४.३६ | ३.५ |
| कक्षा १० मा टिकाउ दर | प्रतिशत | ६१.५५ | ६२ |
| छात्रामैत्री शौचालय भएका विद्यालय | संख्या | ५७ | ७ |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | अनुपात | १८३ | १७० |

स्रोत : मायादेवी गाउँपालिका, शिक्षा शाखा

## सामाजिक क्षेत्रका समस्या र चुनौती

सामाजिक क्षेत्र भित्र पर्ने स्वास्थ्य क्षेत्रमा पालिकामा सामान्य उपचार वाहेक जटिल स्वास्थ्य समस्या पर्दा भारत, भैरहवा, बुटवल, वा काठमाडौं नै जानु पर्ने अवस्था छ । स्वास्थ्य संस्थामा पर्याप्त

पुर्वाधारको अभाव, पर्याप्त उपकरण र औषधिहरु उपलब्धतामा कमि, जिवनशैलीको कारण नसर्ने रोगको विस्तार, स्वास्थ्य विमा अझै पनि धेरै घरपरिवार संलग्न हुन नसकिरहेको अवस्था रहेको छ। यसैगरी दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरु विध्यमान रहेका छन्। शिक्षा क्षेत्रमा हेर्दा शिक्षक दरबन्दी कम हुनु, शिक्षमा राजनितीकरण प्रभाव, दलित आदिवासी जनजातिको बालबालिकाका भर्नादर न्यून हुनु, सामुदायिक विद्यालयमा बालबालिकाहरुको शैक्षिक प्रगतिवारे अभिभावकहरुको चासो कम हुनु, विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु, विषयगत शिक्षकका अभाव, आधुनिक सूचना प्रविधिहरुको उच्च प्रयोग हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेका छन्। रोजगारीयुक्त शिक्षाको अभावमा शिक्षित बेरोजगार बढ्दै जानु, विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि पर्याप्त मात्रामा बजेटको अभाव अन्य समस्याको रुपमा रहेका छन्। खानेपानी र सरसफाइतर्फका प्रमुख समस्यामा ढल निकासका कामहरु योजनाबद्ध रुपमा अगाडि बढाउन नसक्नु, अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरु सुक्दै जानु, निर्माण भएका खानेपानी आयोजनाहरुको मर्म संभारको लागि वित्त व्यवस्थापन गर्नु एउटा प्रमुख चुनौतीको रुपमा रहेको छ। फोहोरको व्यस्थापन गर्न तिर चासो नहुनु, महिला हिंसाको घटनाहरु पालिकामा विध्यमान रहुनु, लैगिंक विभेद र हिंसालाई प्रोत्साहन गर्ने खालका सामाजिक संरचना, सोच, मुल्यमान्यता र परम्परा कायम रहनु, एकल महिला र अशक्त महिलाहरु आर्थिक रुपमा शशक्तीकरण हुनु नसक्नु, हिंसा पिडित महिलाहरुलाई पूर्णरुपमा संरक्षण र पुर्नस्थापन गर्न नसक्नु, पालिकाले नीति तथा कार्यक्रमहरुमा समावेशिका विषयहरु समावेश गरेतापनि कार्यान्वयन पक्षमा प्रभावकारीता हुन नसक्नु, ज्येष्ठ नागरिहरुको ज्ञान, सिप र अनुभवको उपयोग र नयाँ पीढिमा हस्तान्तरणको वातावरण सिर्जना नहुनु, जेष्ठ नागरिकहरुमा उचित सम्मानको अभाव हुनु मुख्य समस्याको रुपमा रहेका छन्। यसै गरी अपांगता मैत्री शिक्षाको अभाव, अपांगताहरु विभिन्न स्रोत तथा साधनहरुमा उनीहरु पहुँच र नियन्त्रणको अभाव, सामाजिक विभेदहरु कायम हुनु समस्या तथा चुनौतीको रुपमा रहेका छन्।

युवाहरुले पर्याप्त अवसर नपाउँदा वार्षिक रुपमा विदेशिरहनु परिरहेको, बजारको माग अनुसार युवा जनशक्ति तयार नहुनु, युवाहरु विकृति विसंती तिर बढ्दै जाने युवा क्षेत्रका प्रमुख समस्या रहेका छन्। पालिकामा खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमि हुनु, खेलकुदलाई जिविकोपार्जनसगँ जोड्न नसक्नु, खेलकुदका क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न नसक्नु खेलकुद क्षेत्रमा प्रमुख समस्याहरु रहेका छन्।

# परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको  छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । स्थानीय सरकारको कार्यक्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन् । यी विषयहरूको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय सरकारले अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ ।

## फोहोरमैला व्यवस्थापन

पालिकाले नगर क्षेत्र भित्र उत्सर्जन हुने फोहोरको दिगो व्यवस्थापनको लागि फोहोरमैलाको प्रकृतिको पहिचान गर्दै फोहोरमैलाको उचित व्यवस्थापनका लागि कार्यहरु अगाडी बढेका छन् । फोहोर व्यवस्थापनको लागि जनचेतना कार्यहरु, पोखरी तथा सडक सरसफाईका अभियान जस्ता कार्यक्रम पालिकाले अगाडी बडाएको छ। सरसफाइ र फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन वडा स्तरमा फोहोरमैला व्यवस्थापन तथा अनुगमन समिति गठन भएको छ।

**तालिका ४२ : सरसफाई सम्बन्धी सूचकको विवरण**

| सूचक/लक्ष्य | एकाई | आ.व २०७९/०८० | आ.व २०८०/०८१ चैत्रसम्म |
|---|---|---|---|
| कूल भूमिमा वन तथा अन्य हरियाली क्षेत्र ( प्रतिवर्ष वृद्धि) | प्रतिशत | जानकारी प्राप्त नभएको | जानकारी प्राप्त नभएका |
| वतावरणीय सरसफाइ र स्वच्छता र सुन्दरता भएका वडा | संख्या | ३ | ३ |
| स्वच्छ, सफा विद्यालय | संख्या | ६ | ९ |
| व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या (प्रतिबर्ष वृद्धि) | प्रतिशत | ५ | ७ |

स्रोत: खानेपानी तथा सरसफाई शाखा

## वातावरणमैत्री स्थानीय शासन

वातावरणमैत्री स्थानीय शासनको सन्दर्भमा गत आ.व. सम्ममा उल्लेखनिय उपलब्धि हासिल भएको छैन । वातावरणमैत्री स्थानीय शासन लागु गर्ने सन्दर्भमा आगामी आ.व.को नीति तथा कार्यक्रममा समावेश गर्नेगरी अगाडि बढ्ने निर्णय भएको छ । नितीले निर्दिष्ट गरेको आधारमा पालिकाले सो अनुसार वातावरणमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्ने तर्फ अग्रसर हुनेछ ।

## विपद व्यवस्थापन

पालिका विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण जस्ता कार्य पर्दछन् । विपत् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने  अवस्था सिर्जना गर्नु आवश्यक रहेको छ ।

पालिकामा वर्षा याममा कटान र डुवानको समस्या रहेको छ । दानव र तिनाउ नदिबाट बढि कटानको समस्या हुने गरेको छ । अत्याधिक वर्ष भएमा पानी निकासको समस्याले धेरै ठाउँमा डुबाउन हुने गरेको छ । जलवायु परिवर्तनको कारण हुने खडेरी, उच्च वर्षा, बालीनालीमा रोगको प्रकोप, स्वास्थ्यमा समस्या महामारी रुप लिने जस्ता विपदहरु पनि पालिकामा देखिएका छन् ।  विपद व्यवस्थापनको लागि पालिकाले उच्च र मध्यम जोखिमका क्षेत्र पहिचान गरी सोहि अनुसारको कार्यनीति बनाएको छ । पालिकाले विपद कोष समेत खडा गरेको छ । यसै कोष मार्फत राहत तथा उद्धारका कार्यहरु गर्दछ ।

## हरियाली संरक्षण

भूउपयोग नीति अनुसार पालिको कुल क्षेत्रफल मध्य ०.२० प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ । नयाँ वा पुरानो सडक विस्तारका क्षेत्रमा  किनारामा पर्याप्त बोट विरुवाहरु लगाउन सकिएको छैन भने कतिपय ठाउँमा लगाएको भए पनि त्यसको संरक्षण हुन सकिराखेको छैन । एक वडा एक हरित उद्यान पार्क निर्माण, पालिकाका खाली ठाउँमा हरित पार्क निर्माण गर्ने बेलबास बेथरी लुम्बिनी सडक नहरको दायाँ वाया क्षेत्रमा सडकको माफदण्ड अनुसार विभिन्न जातको बोट विरुवा लगाउने नीतिमा प्रष्ट व्यवस्था गरिएको छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने आवश्यक रहेको छ ।

## वातावरण संरक्षण

वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरुको एकिकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वास्थ्य वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रुपमा व्याख्या गरेको छ। पालिकाले वातावरण संरक्षणमा धेरै कार्य गर्ने बाँकी रहेको देखिन्छ । प्लास्टिकको व्यवस्थापन प्रभावकारी रुपमा नगर्दा यसले खोलानालालाई प्रदुषित गरिरहेको छ भने ढलको व्यवस्थापन प्रभावकारी नहुँदा वातावरणमा प्रत्यक्ष असर पारिरहेको छ।

वातावरण नीति तर्जुमा नभएको हुँदा जतिसक्दो चाडो नीति बनाई कार्यान्वयन गर्न आवश्यक छ । पानीको स्रोतको संरक्षण, सडक छेउछाउको जग्गामा वृक्षारोपण र त्यसको संरक्षण, पालिकाका शहरी वडाहरुमा प्रदुषण मापनको कार्यहरुलाई अगाडि बढाउनु पर्ने आवश्यकता रहेको छ । वातावरण संरक्षको लागि टोलविकास संस्थाहरुलाई परिचालन तथा तिनिहरुको क्षमता विकास गर्ने आवश्यक छ । प्रत्येक टोल विकास संस्थाहरुलाई वातावरण संरक्षणमा गर्ने आवश्यक स्रोत साधनको व्यवस्था सहित परिचालन गर्ने विषयहरु नीति तथा कार्यक्रममा समावेश गरिनु पर्दछ।

## अग्नी नियन्त्रण

यस गाउँपालिका अन्तर्गत आगलागीजन्य विपदका घटनाहरुको व्यवस्थापन गर्न सियारी गाउँपालिका र मायादेवी गाउँपालिकासँग साझेदारीमा एक दमकल रहेको छ। दुवै पालिकाको एउटा मात्रै दमकल हुँदा त्यसले कार्य गर्ने कठिनाई भएको देखिन्छ । अग्नी नियन्त्रण सम्बन्धी आवश्यक स्रोत साधन सहितको दक्ष जनशक्ति पालिकाले तयार गर्नु पर्ने आवश्यकता रहेको छ । पालिकाले तयार गरेको आवधिक योजनामा समेत यि विषयहरु समावेश हुन सकेका छैनन् । आगोलागीबाट हुने क्षतिको अध्यावाधिक विवरण अभिलेखीकरण गर्न आवश्यक देखिनछ ।

## समस्या तथा चुनौती

पुरानो तथा नयाँ सडकका छेउछाउमा वृक्षारोपणका कार्य अझ पुरा हुन सकेको छैन । स्थानीय खोलानाला तथा नदीमा विस्तारै प्रदुषणको समस्या देखिन थालेको छ

प्राकृतिक विपदको अर्को पक्ष डुवान पनि हो। पालिको अधिकांश भूभाग डुवानको समस्या रहेको छ। वर्षायाममा ठूलो पानी परेमा पानीको निकासको अभावमा यहाँ डुवानको समस्या हुने गरेको छ।

अव्यवस्थित सहरीकरणले पानीको प्राकृतिक निकास बन्द भएका मात्र हैनन् भल निकासको लागि नयाँ संरचना निर्माण समेत चुनौती रहेको छ । तटबन्धको प्रभावकारी व्यवस्थापन नहुँदा दानव र तिनाउ नदीको पानीले समेत कटन तथा डुवानको समस्या निम्ताईरहेको छ ।

वातावरण प्रदुषणको एक प्रमुख कारण मध्य मानव क्रियाकलाप पनि हो । प्लास्टिक र सिसा जन्य फोहोरको मात्रा बढ्दै गएको छ । ग्रामणी क्षेत्रमा भएका कच्ची सडकको वरिपरिका घरमा धुँवा, धुलो र वर्षायाममा हिलोको समस्या रहेको छ । फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृत्ति देखिन्छ ।

विपद् पूर्व तयारी, न्यूनिकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीपको कमि रहेको छ । विपद भईहाले समुदायलाई राख्ने आश्रयस्थलको कमि रहेको छ । पालिकाले विपद कोषको व्यवस्था गरिएता पनि पर्याप्त रकम विनियोजन हुन सकिराखेको छैन । आगलागी जस्ता विपद व्यवस्थापनको लागि पालिकामा पर्याप्त स्रोत साधनको अभाव रहेको छ । रोगको महामारी फैलिएमा त्यसको आवश्यक व्यवस्थापन गर्न स्रोत साधनको कमि रहेको छ । जलवायु परिवर्तनले पारेका प्रभावलाई न्यूनिकरण गर्ने यथेष्ठ कार्यत्रमहरु सञ्चालन भएका छैनन् ।

# परिच्छेद सात : सुशासन तथा संस्थागत विकास

स्थानीय सरकारले आफ्नो सेवा प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्नका लागि संस्थागत विकास र सुशासन अपरिहार्य हुन्छ । संघीय व्यवस्था अनुसार जनताको नजिकको सरकारको रुपमा स्थानीय सरकार स्थापित भएको छ । बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । जनआकांक्षालाई सम्बोधन गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ ।

यसै सन्दर्भमा पालिकाले सुशासनको पक्षलाई संस्थागत स्वमूल्यांकनका सूचकको आधारमा वार्षिक रुपमा परीक्षण गर्दै आएको छ ।

५ वटा विषयगत विकास समितिहरु र विधायन समिति, न्याय सम्पादनको लागि उपाध्यक्षको संयोजकत्वमा एक न्यायिक समिति समेत रहेको छ ।

## वडा कार्यालय

वडा कार्यालयबाट स्थानीय जनतालाई प्रत्यक्ष सेवा प्रभाव हुने हुँदा यसको संस्थागत विकासको पाटो पनि सवल हुन अत्यन्त नै आवश्यक छ। मायादेवी गाउँपालिकाको भौतिक रुपमा वडाको अवस्थाको वारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४३ : पालिकाको वडाको भौतिक विवरण**

| वडा नं. | वडा कार्यालयको केन्द्र रहेको स्थान | भवनको अवस्था | सडक पहुँच | विद्युत सुविधा | खानेपानी | इन्टरनेट | व्याकअप |
|---|---|---|---|---|---|---|---|
| १ | धमौली | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| २ | तितोरी | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| ३ | झम्छरिया | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| ४ | गुण्डी | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| ५ | गौतम | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| ६ | शिवपुर | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| ७ | बनगाई | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |
| ८ | न्सडिलवा | रहेका | रहेका | रहेका | रहेका | रहेका | नरहेको |

स्रोत : मायादेवी गाउँपालिका, प्रशासन शाखा

## स्थानीय तहको जनशक्ति विवरण

पालिकामा स्थायी, अस्थायी, करार र ज्यालादारीमा कर्मचारीहरु कार्यरत रहेका छन् । जसले गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाह सहज बनाउन भूमिका खेल्दछन् । शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरुको विवरण शिक्षा सम्बन्धी शिर्षक गरीसकेको हुदा यहाँ पालिका तह र स्वास्थ्य तहका कर्मचारीहरुको विवरण मात्रै उल्लेख गरिएको छ ।

**तालिका ४४ : पालिकाको जनशक्ति विवरण**

| क.स | विवरण | पालिका तह | स्वास्थ्य क्षेत्र | आर्युवेदिक क्षेत्र |
|---|---|---|---|---|
| १. | स्थायी | २७ | २८ | ०३ |
| २. | अस्थायी | ०१ | ० | ० |
| ३. | करार | ३३ | १८ | ० |
| ४ | ज्यालादारी | ०८ | ७ | ० |
| जम्मा | | ६९ | ५३ | ३ |

स्रोत : मायादेवी गाँउपालिका, बजेट नीति तथा कार्यक्रम, २०८०/०८१

## स्थानीय तहको संस्थागत स्वमूल्यांकनको नतिजा

स्थानीय तहको कार्यप्रकृया तथा उपलब्धीको वारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गर्न र स्थानीय तहको विचमा तुलनायोग्य सूचकहरुको तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत स्वमूल्यांकन कार्यविधि २०७७ (पहिलो संसोधन २०७८ पौष १८) जारी गरेको छ ।

यस सन्दर्भमा पालिकाले चार आर्थिक वर्षमा ( २०७६/०७७, २०७७/०७८, २०७८/०७९ र २०७९/०८०) मा संस्थागत क्षमता स्वमूल्यांकन सम्पन्न गरेको छ । यसबाट निर्धारित सूचकहरुमा पालिकाले कमिक रुपमा प्रगति गर्दै गएको देखिन्छ । चार आर्थिक वर्षको प्रगति उन्मुख विवरण तलको तालिका प्रस्तुत गरिएको छ ।


**तालिका ४५ : संस्थागत स्वमूल्यांकनको अवस्था चार आर्थिक वर्षको**

| आर्थिक वर्ष | जम्मा प्राप्त अंक प्रतिशतमा | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिणात्म स्थिति |
|---|---|---|---|---|
| २०७६/०७७ | ५३ | ५९.५२ | ४८.५३ | ५३.३३ |

| | | | | |
|---|---|---|---|---|
| २०७७/०७८ | ५७ | ६१.९ | ५२.९४ | ५७.७८ |
| २०७८/०७९ | ६७.५ | ६१.९ | ६३.२४ | ७३.३३ |
| २०७९/०८० | ८८.५ | ९५.२४ | ८८.२४ | ८५.५६ |

स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

आर्थिक वर्षको २०७९/०८० संस्थागत स्वमूल्यांकको शिर्षकगत निम्न अनुसार रहेको छ




## वित्तीय सुशासन


सरकारको वित्तीय स्रोतहरुको पारदर्शि, उत्तरदायी र कुशल व्यवस्थापन वित्तीय सुशासन हो। वित्तीय सुशासनले वित्तीय प्रणालीको स्थिरता, विश्वासनीयता र स्थायित्व सुनिश्चित गर्दछ। स्थानीय तहले विभिन्न शिर्षकबाट प्राप्त वित्तीय स्रोतको पारदर्शी रुपमा परिचलान गरिनु पर्दछ। पालिकाले त्रैमासिक रुपमा वित्तीय विवरणहरु आफ्नो वेभसाइटमा सबैको पहुँच हुने गरी राखेको छ। साथै आवश्यक वित्तीय योजनाहरु समेत सार्वजनिक गर्दै आएको छ। वित्तीय अनुशासन कायम गर्नको लागि आर्थिक ऐनको व्यवस्था र खर्चको कार्यविधि अनुसार खर्च गर्ने प्रणाली रहेको छ। ऐन, कानुन, कार्यविधि भित्र रहेर नै बजेटका शिर्षकहरुमा खर्च गरिदै आएको छ। न्यून वित्तीय स्रोतबाट अधिकतम लाभ प्राप्त गर्ने कार्यमा पालिका क्रियाशिल रहेको देखिन्छ । यस पालिकाले आ.व २०७८/०७९ र आ.व २०७९/०८० मा गरेको वित्तीय सुशासन जोखिम मूल्यांकको नतिजाबाट समेत पालिका वित्तीय सुशासन तर्फ प्रगति उन्मुख भएको देखिन्छ।

**तालिका ४६ : वित्तीय सुशासन जोखिम मूल्यांकनको नतिजा**

| आ.व | प्राप्त अंक | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | लेखांकन प्रतिवेदन | अनुगमन, मूल्यांकन तथा लेखा परिक्षण | राजस्व व्यवस्थापन |
|---|---|---|---|---|---|---|
| २०७८/०७९ | ७५.५ | ६९ | १३ | १२ | २२ | ९ |
| २०७९/०८० | ८१.५ | ६५.५ | ११.५ | २१.५ | ११ | ९ |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

पालिकाको अगिल्लो आर्थिक वर्षमा भन्दा २०७९/०८० आर्थिक वर्षमा प्राप्तांक केही कम आएको देखिन्छ भने, योजना, बजेट तथा कार्यक्रम, लेखांकन प्रतिवेदन र राजस्व व्यवस्थापनमा कम भार घट्दै गएको देखिन्छ ।




महालेखा परीक्षकको वेभसाइडमा उल्लेख गरिएको पछिल्लो प्रतिवेदन २०७८/०७९ को अनुसार पालिकामा ७ करोड ७ लाख ५६ हजार वेरुजु देखिएको छ । सो सम्बन्धमा प्रक्रिया उपलब्ध नभई बाँकी वेरुजू असुल गर्नुपर्ने रु १ करोड २० लाख ५४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४७ लाख ५ हजार, नियमित गर्नुपर्ने ५ करोड २८ लाख ४७ हजार र पेश्की रु ११ लाख ५० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ७ करोड ८८ लाख २० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं आ.व २०७९/०८० मा कायम भएको बेरुजू समेत हालसम्म अद्यावधिक वेरुजु रु १४ करोड ९५ लाख ७६ हजार रहेको छ ।

महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भए अनुसार पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको जस्ता विषयहरु समेत प्रतिवेदनमा उल्लेख गरिएको छ। महालेखा परीक्षक प्रतिवेदनमा उल्लेखित सुधार गर्नु पर्ने विषयहरुको कार्ययोजना बनाई आगामी आर्थिक वर्ष देखि सुधार गर्नु पर्ने आवश्यकता रहेको छ ।

## सामाजिक परीक्षण, जाचापास तथा फरफारक

सामाजिक परीक्षणको अभ्यास यस पालिकामा भईरहेको छ । गत आर्थिक वर्षसम्म सम्पन्न भएका सबै आयोजनाको जाँचपास फरफारक गर्ने भईसकेको छ । पालिकाले आ.व २०८०/०८१ को सार्वजनिक सुनाई समेत गरिसकेको छ ।

पालिकाले सुशासन प्रर्बधन गर्नेको लागि जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरुमा सबै गाउँपालिकावासीको पहुँचको दीर्घकालीन सोचसहित गाउँपालिकाको सुशासन प्रवर्द्धन गर्नका लागि प्रमुख प्रशासकीय भवनमा विद्युतीय नागरिक वडापत्र र अन्य वडा कार्यालयहरुमा देखिने गरीनागरिक वडापत्र राखी त्यसको क्रमश कार्यान्वयन भईरहेको छ। सार्वजनिक सुनाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह सुशासनको प्रत्याभूत गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसबुक र हेल्लो सरकार जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरु सम्बोधन तथा सार्वजनिक गर्ने काम  भईरहेको छ ।

## स्थानीय ऐन तथा कानुनहरु विवरण

नेपालको संविधानको अनुसुची ८ मा स्थानीय तहका २२ वटा एकल अधिकारका विषयहरु र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारकाका विषयहरु उल्लेख गरिएको छ। यि विषयहरुलाई कार्यान्वयन गर्नेको लागि पालिकाले ऐन, कानुन, नियावली, कार्यविधि, मार्गनिर्देशन, कार्यप्रणाली जस्ता विषयहरु बनाई कार्यान्वय गर्न आवश्यक हुन्छ। स्थानीय तहलाई स्थानीय सरकारकै रुपमा स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरिसकेको छ । जनताप्रति जवाफदेही हुने गरी जनतालाई सेवा प्रवाह पारदर्शी र प्रभावकारी रुपमा पुर्‍याउन पालिकले आफ्नो ऐन, कानुन

कार्यविधिहरु बनाउन आवश्यक रहेको छ । सो अनुसार पालिकाले तयार गरेका ऐन, नियम, कायविधि, मापदण्डहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४७ : पालिकाको भएका स्थानीय ऐन तथा कानुनको विवरण**

| सूचक | एकाई | आ.व २०७९/०८० सम्मको उपलब्धी | आ.व २०८०/०८१ चैत्र मसान्त सम्म उपलब्धी |
|---|---|---|---|
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | १३ | १४ |
| ऐन | संख्या | १७ | १७ |
| नियम तथा विनियम | संख्या | १ | १ |
| निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ३ | ३ |

स्रोतः मायादेवी गाउँपालिका सुशासन तथा संस्थागत विकास शाखा

## गाउँ पालिकामा भएका ऐन, नीति, कार्यविधिहरुको विवरण

१. शिक्षण सहयोग केन्द्र सञ्चालन निर्देशिका २०७८

२. निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८०

३. आर्थिक ऐन ०७९/८०

४. अन्तर स्थानीय तह वारुणयन्त्र सञ्चालन ऐन २०७४

५. मायादेवी गाउँपालिको सहकारी ऐन २०७४

६. मायादेवी गाउँपालिको आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७७

७. गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५

८. मायदेवी गाउँपालिकाको अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५

९. मायादेवी गाउँपालिकाको कर्मचारीको अतिरिक्त समय र फिल्ड भत्ता सम्बन्धी कर्याविधि २०७५

१०. मायादेवी गाउँपालिकाको उपभोक्ता समिति सम्बन्धी मार्गदर्शन २०७५

११. मायादेवी गाउँपालिकाको विपद व्यवस्थापन कोष (सञ्चालन कार्यविधि) २०७५

१२. मायादेवी गाउँपालिकाको पूर्वाधार व्यवस्था सम्बन्धी ऐन २०७४

१३. मायादेवी गाउँपालिकाको प्रशासनिक कार्यविधि -नियमित गर्ने) ऐन २०७४

१४. स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७४

१५. मायादेवी गाउँपालिकाका कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

१६. आर्थिक कार्यविधि ऐन २०७४

१७. स्थानीय शिक्षा ऐन, २०७४

१८. भवन निर्माण तथा योजना मापदण्ड, २०७५

१९. घ वर्गको निर्माण व्यवसायी इजाजपत्र

२०. सम्पति कर व्यवस्थापन ऐन, २०७५

२१. स्थानीय तहमा करार जनशक्ति व्यवस्थापन ऐन २०७५

२२. विनियोजन ऐन २०७५

२३. आर्थिक ऐन २०७५

## प्रकाशन

पालिकाले आवश्यक निति नियम कानुनहरु प्रकाश गरेको छ । सो सम्बन्धी एकिन तथ्यांक उपलब्ध हुन सकेन । आवधि योजना, नीति, कार्यक्रम तथा बजेट र स्थानीय शिक्षा पाठ्यक्रम (आधारभूत तह) तक प्रकाशनमा ल्याएको छ ।

## समस्या र चुनौती

पालिकाले आवश्यक सबै ऐन, कानुन र कार्यविधि तयार गरिसकेको छैन । घुम्ती सेवाहरु नियमित रुपमा हुन सकिराखेको छैन । कर्मचारीहरु क्षमता विकासका कार्यहरुको क्षमता विकासको योजना तर्जुमा नहुनु, लैगिंक तथा समावेशिकरणको रणनीतिहरु तय नहुन, वार्षिक रुपमा लैगिंक तथा सामाजिक परीक्षण नहुनु, कर्मचारीहरुको सरुवा भइरहनु, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुन जस्ता सुशासनका समस्या देखिन्छ। क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयन नहुनु, वडाहरुमा पूर्वाधारको अभावको कार्यसञ्चालनमा प्रभाव पर्नु, योजनाको आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, वितरणमूखि योजना बढि हुनु, पूजीगत खर्च कम हुनुले सुशासनको क्षेत्रलाई अझ प्रभावकारी बनाउने पालिकालाई अवरोध खडा गरिरहेको छ ।

# अनुसूची

## अनुसूची १

## विगत पाँच वर्षको राजस्वका शिर्षक अनुसारको आन्तरिक अनुमानित तथा वास्तविक आम्दानीको विवरण

| राजश्व संकेत | राजश्व शिर्षक | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक (२०८१ चैत्र मसान्त सम्मको) |
| ११ १३१ | सम्पत्ति बहाल पट्टा वापत लाग्ने कर | | | | | | | ३९,९९९,९८४ | ३३९,२१६ | | |
| ११ ३१३ | सम्पत्ति कर | २,०००,००० | ८९०,२८५ | १,५००,००० | २,१०४,६०४ | ८९७,४२० | १३,०५५,५५६ | १ | २,६०९,६८० | | |
| ११ ३१४ | भूमी कर ( मालपोत) | २,०००,००० | १०,२४४,८८३ | १०,०००,००० | १,८९८,४१२ | १,३३२,९३० | २,९५४,८८९ | १ | २,८१२,११९ | | |
| ११ ३२१ | बहाल कर | ५००,००० | १,३२१,२२८ | ५५०,००० | १,१५९,६८२ | २,१०४,५९० | २,१९०,९७७ | १ | २,२०२,९९९ | | |
| ११ ३१८ | बहाल विटौरी शुल्क | ३१०,००० | २६,५४० | ४१८,००० | १३,३०० | ७८,००० | ५०,३३० | | | | |
| ११ ४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | १५,००० | १४५,००० | ५०,००० | २०६,००० | ६०,००० | १४५,९९५ | १ | १००,००० | | |
| ११ ४७९ | अन्य मनोरंजन कर | | | | | | | | | | |
| ११ ६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | | | | | | | |
| ११६९१ | अन्य कर | १००,००० | २२१,२८२ | - | १०,३०५,३८० | २२,८६०,८९० | ८,३२०,६५१ | १ | ४१९,३८३ | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | | | | | | |
| १४२१३ | | | | | | | | १ | ४०२,३८५ | | |
| १४२१९ | अन्य सेवा शुल्क | | | २,५००,००० | ११,२११,५११ | ८५,१५० | ८०७,४२८ | १ | ७८९,००५ | | |
| १४२२४ | परीक्षा शुल्क | | | | | | | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | | | | १ | १० | | |
| १४२४२ | नक्सापास दस्तुर | | | | | | | १ | ६५३,९२० | | |
| १४२४३ | सिफारिश दस्तुर | ५,०००,००० | २,२०५,५४६ | २,५००,००० | ५,३५१,९७८ | १,८३९,४८० | ४,५७५,९९९ | १ | ५,६०६,१८० | | |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | | | | | १ | ६५५,३०० | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | | | | १ | ३०० | | |
| १४२४९ | अन्य दस्तुर | | | | | | | १ | १,४४१,४६३ | | |
| १४२५३ | व्यबसाय रजिष्ट्रेसन दस्तुर | २,६००,००० | १,११९,६५० | १००,००० | १,९२४,९८० | २,०५९,७३५ | १,८७१,६४७ | | | | |
| १४२५३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३५,०००,००० | ११,५७२ | | | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ७५,००० | ९९,०५८ | ७५,००० | ५१५,२८५ | १,८६३,८०० | ३५७,८१७ | १ | १,१९९,४९९ | | |
| १४४२१ | पूजीगत हस्तान्तरण | २४,०००,००० | - | | | १३,७४३,५६१ | १३,७४३,५६१ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४५२९ | अन्य राजश्व ( विविध आय) | ८,०००,००० | ९,०४२,०४८ | | | | | १ | ४१५,४५७ | | |
| १४६११ | व्यवसाय कर | | | ४७,९०७,००० | - | | | | | | |
| | जनसहभागिता | | | | | | | | | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ३६०,९०० | ३६०,९०८ | २४,३५८,४०२ | | २,१५८,३८९ | - | | | | |
| | | **७९,९६०,९००** | **२५,६८७,९९८** | **८९,९५८,४०२** | **३४,६९१,१३२** | **४९,०८३,९४५** | **४८,०७४,८५०** | **३९,९९९,९९९** | **१९,६४६,९१५** | **-** | **-** |

# अनुसूची २

## विगत पाँच वर्षको राजश्व बाँडफाँडबाट प्राप्त आय विरण

| राजश्व संकेत | राजश्व शिर्षक | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक ( २०८१ चैत्र मसान्त सम्मको) |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५०,५००,००० | ४८,८३४,७७६ | ९०,६७६,७४० | ८५,४९३,५२८ | ४५,६५७,५०० | ६८,२४८,८८८ | ११०,५१७,५०५ | ५७,८७४,४१७ | १०८,३९०,००० | ३६,६३६,८३७ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ५०,५००,००० | १४,५३१,९५५ | | | ४५,६२५,१३० | ३०,४४५,१८४ | | | | |
| ११४५६ | सवारी साधन कर | ६,२९५,००० | ४,४०१,२२१ | ४,५३३,००० | ६,२३५,४४२ | ७,२३४,२७० | ६,३५६,६३० | ७,६८६,००० | ६,१२६,८८९ | ४,८९५,३२६ | ३,३०१,६०५ |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | | | - | ९,४९७,४३२ | ९,०००,००० | १५,६५६,१२३ | २०,०००,००० | १९,९९५,९४९ | १०,०००,००० | ५,४४३,२२८ |
| १४१५३ | वन रोयल्टी | | | | | ३२,३७० | ३२,३६९ | १००,४९५ | १००,४९५ | | |
| १४१५७ | दहरहत्तरक | | | - | ४६,०७६,३८१ | ३५,०००,००० | ६,९५३,८३४ | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | | | | | | |
| | **जम्मा** | १०७,२९५,००० | ६७,७६७,९५२ | ९५,२०९,७४० | १४७,३०२,७८३ | १४२,५४९,२७० | १२७,६९३,०२८ | १३८,३०४,००० | ८४,०९७,७५० | १२३,२८५,३२६ | ४५,३८१,६७० |

## अनुसूची ३

### विगत पाँच वर्षमा वित्तीय हस्तान्तरण वापत प्राप्त रकम

| राजश्व संकेत | राजश्व शिर्षक | ०७६/७७ | | ०७७/७८ | | ०७८/७९ | | ०७९/८० | | ०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक | अनुमान | वास्तविक ( २०८१ चैत्र मसान्त सम्मको) |
| | **संघिय सरकार** | **२९७,३६४,०००** | **२९६,७६५,०००** | **३५३,५३१,०४०** | **३५३,५३१,०४०** | **३८८,५४२,०००** | **३४०,८५०,३३५** | **३९८,७२८,०००** | **३३५,६६७,२३२** | **३५०,७००,०००** | **२०७,३८६,९००** |
| १३३११ | समानीकरण अनुदान | १४०,९००,००० | १४०,९००,००० | १४०,५००,००० | १४०,५००,००० | १४८,१००,००० | १४८,१००,००० | १५६,१००,००० | १४४,३९२,५०० | १३५,७००,००० | ७५,५८४,९०० |
| १३३१२ | शसर्त अनुदान चालु | १३५,६६४,००० | १३५,०६५,००० | १८८,३६०,५४० | १८८,३६०,५४० | १८९,६४२,००० | १४९,२५७,८६४ | १८६,५१८,००० | १६०,७०३,९८१ | १९६,५००,००० | १२९,४९२,००० |
| १३३१४ | विषेश अनुदान चालु | | | १०,०००,००० | १०,०००,००० | | | | | | |
| १३३१५ | विषेश अनुदान पूजीगत | | | | | १६,६००,००० | १६,५९६,७९५ | १५,०००,००० | - | १०,०००,००० | |
| १३३१६ | समपुरक अनुदान चालु | २०,८००,००० | २०,८००,००० | १४,६७०,५०० | १४,६७०,५०० | | | | | | |
| १३३१७ | समपुरक अनुदान पूजीगत | | | | | २०,४००,००० | १७,२९२,९५३ | १५,०००,००० | १२,७५०,०९६ | ५,०००,००० | |
| १३३१८ | अन्य अनुदान चालु | | | | | | १,७८०,४८६ | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३३१३ | शसर्त अनुदान पुँजीगत | | | | | १३,८००,००० | ७,८२२,२३७ | २६,११०,००० | १७,८२०,६५५ | ३,५००,००० | २,३१०,००० |
| | **प्रदेश सरकार** | **३२,९७८,०००** | **३०,७२८,०००** | **४१,५३९,०००** | **४२,६०२,०००** | **३६,५७६,०००** | **२३,४५९,९०७** | **३७,७५६,०००** | **२९,६३८,१४७** | **२७,७८९,०००** | **१३,३०३,५०५** |
| १३३११ | समानीकरण अनुदान | ४,७७८,००० | ४,७७८,००० | ५,६८९,००० | ५,६८९,००० | ७,०३२,००० | ७,०३२,००० | ८,७५६,००० | ८,७५६,००० | १०,१३९,००० | ७,६०४,२५० |
| १३३१२ | शसर्त अनुदान चालु | १४,०००,००० | १४,०००,००० | १४,८५०,००० | १४,८५०,००० | ८,५४४,००० | ४,४१४,०४९ | ८,०००,००० | ६,२९०,१५२ | १,६५०,००० | ५३९,०५५ |
| | विषेश अनुदान | ५,२००,००० | ५,२००,००० | ६,०००,००० | ६,०००,००० | ६,०००,००० | ५,७३१,७६५ | ६,०००,००० | ३,८३२,४७१ | ६,०००,००० | १,९६०,२०० |
| १३३१६ | समपुरक अनुदान चालु | ९,०००,००० | ६,७५०,००० | १५,०००,००० | १६,०६३,००० | १५,०००,००० | ६,२८२,०९३ | | | | |
| १३३१७ | समपुरक अनुदान पूजीगत | | | | | | | १५,०००,००० | १०,७५९,५२४ | १०,०००,००० | ३,२००,००० |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | | | | | | | | | | |
| | अन्य अनुदान ( अन्य संस्थागत आन्तरिक अनुदान १३४११) | | | | | | | | | | |
| | जम्मा | ३३०,३४२,००० | ३२७,४९३,००० | ३९५,०७०,०४० | ३९६,१३३,०४० | ४२५,११८,००० | ३६४,३१०,२४२ | ४३६,४८४,००० | ३६५,३०५,३७९ | ३७८,४८९,००० | २२०,६९०,४०५ |